साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक १९ २०८२ मंसिर १६ गते मंगलबार (Dec. 2, 2025) मूल्य रू. १०/-

## नेपालका गौरव नेपाली बैज्ञानिक



धरानस्थित वीपी प्रतिष्ठानका मुटु तथा मिर्गौला रोगका विशेषज्ञका रुपमा कार्यरत डा. सञ्जीवकुमार शर्मा विश्वका शीर्ष स्वास्थ्य बैज्ञानिक सूचीमा सूचीकृत भएका छन् ।

अमेरिकाको स्ट्यानफोर्ड युनिभर्सिटीले एन्सेभियरसँगको सहकार्यमा तयार गरेको वार्षिक 'ग्लोबल वैज्ञानिक प्रभाव र्‍याकिङ' सूचीमा शर्मा छनौट भएका हुन् । शर्माले २५ वर्षदेखि सर्पदंश उपचार पद्धति सुधार, बाथ रोग, मुटु रोग, मिर्गौला रोगलगायत विषयमा अध्ययन, अनुसन्धान र योगदान गरेको आधारमा गरिएको वैज्ञानिक छनोटमा परेका हुन् । विश्वभरका प्रभावशाली वैज्ञानिकहरूको वार्षिक मूल्यांकनमा वीपी प्रतिष्ठान र डाक्टर पर्नु नेपालको गौरवको विषय हो ।

## सरकार ढल्ने, ढाल्ने खेल



पूर्व प्रधानन्यायाधीश प्रधानमन्त्री, अर्का पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठ राष्ट्रपति बन्ने योजना असफल भएपछि सुशीला कार्कीको सरकार ढालेर कल्याण श्रेष्ठ प्रधानमन्त्री बन्ने खेल सुरु भएको छ । यसैवीच दुर्गा प्रसाईसँग प्रधानमन्त्री र गृहमन्त्रीले वार्ता गरेर उनका माग संवोधन गर्ने वचन दिएका छन् । राजनीतिक बृत्तमा चलेको चर्चा अनुसार दुर्गा प्रसाई पनि प्रधानमन्त्री बन्नसक्नेछन् । बिचौलिया दीपक भट्ट भने कल्याण श्रेष्ठलाई प्रधानमन्त्री बनाउन चाल चल्दैछन् ।

राजनीतिक र कूटनीतिक बृत्तमा समेत विचौलिया दीपक भट्टले गोप्य संवाद बढाएका छन् । विभिन्न शक्तिकेन्द्र र पार्टीहरुवीच गठजोड मिलाउन प्रयास गर्दैछन् तर दुर्गा प्रसाईका पक्षमा देशैभरिका पीडित बर्गको समर्थन रहेकाले कल्याण श्रेष्ठ र दुर्गा प्रसाईका वीच प्रतिस्पर्धा बढेर गएको छ । कल्याण श्रेष्ठले प्रचण्ड, ओली, पश्चिमा र दक्षिणी लवीसँग भेट गरे पनि दुर्गा प्रसाईलाई शक्तिशाली जेजनी पुस्ताको समेत समर्थन भएकाले दुर्गा शक्तिशाली देखिएका छन् ।

## अब डाक्टर नर्स निर्यात सुरुभयो



नेपालले श्रम सम्झौता गरेर डाक्टर, नर्स र कामदारसमेत बेलायत निर्यात गरिरहेको छ । श्रमशक्ति निर्यात गर्न बजार खोज्ने नीतिका कारण नेपालमा उद्यम, व्यवसाय , विशेषज्ञता र श्रमशक्ति केही नबच्ने भएको छ । यसरी नेपाल सरकार स्वयम्मा मेनपावर सञ्चालक बनेको देखिन्छ ।

इम्पिमेन्टसन प्रोटोकल स्वीकृत गरेपछि राम्रो आम्दानी र राम्रो जीवनशैली खोज्दै हजारौं डाक्टर, नर्स बेलायत पुगिसकेका छन् । स्वास्थ्य क्षेत्रमा विशेषज्ञता निर्यात हुने मार्ग खुलेपछि डाक्टर, नर्स, बी.फर्मा गरेकाहरू बाहिरिन थालेपछि नेपालमा यस प्रकारका श्रमशक्तिको अभाव हुनथालेको छ । जो नेपालमा छन्, उनीहरू पनि बेलायतमा जाने तैयारीमा जुटेका छन् । बेलायतमा गएपछि विश्वका कुनै पनि मुलुकमा जान सकिने अवसर उनीहरूको खोजी हो ।

एकातिर दिनहुँ श्रमशक्ति बाहिरिने र अब सरकारले नै प्राविधिक जनशक्ति निर्यात गर्न थालेपछि नेपाल दक्षताविहीन हुने र नेपालको शान्ति, समृद्धि र सुरक्षामा खलल पुगेर अराजकता बढ्ने खतरा बढेको बताइँदैछ ।

# राजतन्त्रको प्रस्तावमा छलफल

*प्रधानमन्त्रीले राप्रपाका नेताहरुसँग गम्भीर छलफल गरेको समाचार छ । सुशासन र स्थिरताका लागि राप्रपा नेताहरुले राजासहितको सर्वपक्षीय बैठक माग गरेपछि संवाद, सहमति र सहकार्य गर्दै राजनीतिक द्वन्द्वको अन्त्य गर्न गोलमेच सम्मेलन नै हुनसक्ने सम्भावना बढेर गएको छ । यद्यपि चुनाव सफल बनाउने विषयमा यो भेट भएको हो तर राजतन्त्रको विषय प्रधानमन्त्रीका सामु पुगिसकेको र राप्रपाले समेत यही मुद्दा उठाएपछि निर्वाचनको वातावरण बनाउनका लागि राजा, राजनीतिक दल, जेनजी र सरोकारवालाहरू सबैसँग संवाद गर्नैपर्ने बाध्यतामा सरकार देखिन्छ । त्यसैपनि सरकार ढल्ने ढाल्ने खेल भइरहेकाले पनि प्रम सुशीला कार्की आफ्ना सकस फुकाउन का लागि राजनीतिक शक्तिहरुसँग संवाद, सहमति र सहकार्य अघि बढाउने मनस्थितिमा पुगेको बताइँदैछ ।*

जेनजी आन्दोलन, विद्रोहबाट बनेको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार ढाल्ने, ढल्ने भीरमा पुगेको देखिन्छ । यो सरकारले जेनजी आन्दोलनका भ्रष्टाचारको अन्त्य, भ्रष्टाचारीमाथि कारवाही, सुशासनको स्थापना गर्ने एजेण्डामा माखो पनि मार्न नसकेपछि जेनजीबाटै राजीनामा मागेका छन् भने कल्याण श्रेष्ठ प्रधानमन्त्री बन्न दौडधूप गरिरहेको चर्चा छ ।



यसैवीच चुनाव हुने र नहुने, सर्वोच्चबाट संसद पुनर्स्थापना हुनसक्ने, राष्ट्रपतिले नै यो सरकार बिस्थापन गरेर संसद पुनर्स्थापनाको घोषणा हुनसक्ने विषयहरु चर्चामा छन् भने एमालेले 'नेसनल भोलेन्टियर फोर्स' गठन गरेको र अध्यक्ष ओलीले आइलाग्नेमाथि जाइलाग्न निर्देशन दिएपछि अराजकता बढ्ने खतरा बढेको छ । हजारौं अपराधी जेलबाट भागेका र लाखौं गोली हतियार लुटिएकोले कुनै पनि बेला हिंसा र अराजकता फैलिन सक्छ । यसैवीच दुर्गा प्रसाईले एउटा भिडियो सार्वजनिक गरेपछि राज्यले उनलाई पक्राउ गर्‍यो, वयान लियो । तर सर्वोच्च अदालतले रिहा गरिदिएपछि गृहमन्त्रीको पहलमा प्रधानमन्त्रीसँग वार्ता भयो । यही वार्ताको क्रममा 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाऔं महाअभियान'का अभियन्ता दुर्गा प्रसाईले राजसंस्थाको पुनर्स्थापना, हिन्दुअधिराज्यसहितका २७ बुँदे माग पूरा भएमा मात्र शान्ति सम्भव छ भनेर प्रस्ताव गरेका छन् । दुर्गा प्रसाईको यही औपचारिक मागपछि राजसंस्थ पुनर्स्थापनाको माग सरकारका सामु पुगेको छ । फागुन २१ मा चुनाव चुनाव भनिरहेको सरकारले प्रसाईको यो मागमा निरपेक्षता अपनाएको छ । अचम्मको परिदृश्य के पनि देखियो भने दुर्गा प्रसाईको घनघोर आलोचना गर्ने एमाले अध्यक्ष केपी ओलीले प्रसाईलाई आधारातमा भर्‍याङ हालेर सुतेको अवस्थामै अमानवीय तरिकाले गरेको पक्राउको बिरोध गरेका थिए भने राष्ट्रिय मानव अधिकार आयोगले सरकारको निरंकूश नीतिको कडा आलोचना गरेका थिए ।

'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाऔं महाअभियान' र सरकारबीच सहमति भएपछि तत्कालको आन्दोलन रोक्ने र राजसंस्थाको स्थापनासहितका मागहरूमा निरन्तर वार्ता, छलफल र सहजीकरण गर्दै लैजाने सहमति भएको छ । यसकारण दुर्गा प्रसाई सबैभन्दा बढी चर्चामा रहेका छन् ।

यद्यपि यो सहमतिको प्रभाव देखिएला कि कागजमा सिमित होला भन्न नसकिए पनि पहिलोपटक सरकार प्रमुखको टेबुलमा राजतन्त्र र हिन्दुराष्ट्रको माग रेकर्ड भएको छ ।

दुर्गा प्रसाई, रास्वपा र जेनजीलाई भदौ २४ पछि नेपाली सेनाले स्टेक होल्डर मानेको थियो । प्रसाई नेतृत्वको महाभियानले प्रधानमन्त्रीको टेबुलमा पुर्‍याएको २७ बुँदे मागहरुमा राजसंस्थाको पुनर्स्थापना, संविधान खारेजी, हिन्दु अधिराज्य स्थापना, प्रदेश संरचना खारेज गरी पाँच विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्ला कायम गर्नुपर्ने, प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था लागू गर्नुपर्ने, जेनजीका मागहरू सम्बोधन गर्नुपर्ने र तत्कालीन सरकारका उच्चपदस्थहरूलाई पक्राउ गरी छानबिन गर्नुपर्ने, २० लाख रुपैयाँसम्मको ऋण मिनाहा, त्यसभन्दा बढी ऋण ५ प्रतिशत ब्याजमा २५ वर्षमा तिर्ने मौका पाउनुपर्नेलगायत छन् । दुर्गा प्रसाईको देशव्यापी आन्दोलन हुनसक्ने सूचना पाएपछि सुशीला कार्कीको सरकार तर्सेको थियो । संविधानविदहरुले समेत प्रसाईको गिरफ्तार गर्ने शैलीलाई नागरिक शासनको 'निकै ठूलो धब्बा' भनेका थिए । जेनजी आन्दोलनकारीले पनि प्रसाइँ पक्राउको विरोध गरेका थिए । प्रसाई शक्तिकेन्द्र बन्न सफल भएका छन् ।

# युवा आन्दोलन र राजनीति गर्नेको अवकाशको उमेर



**नारायण प्रसाद मिश्र**

अगष्ट ७, २०२४ मा पिपल्स रिभ्यू शिर्षकको एक साप्ताहिक अग्रेजी अखवारमा मैले मुलुकको प्रगति र राजनीतिज्ञहरूको अवकाश उमेर शिर्षकको ( National Progress and the Retirement Age of Politicians ) एक लेख लेखेको थिएँ । सो लेखमा मैले जनकल्याण र राष्ट्रको द्रूतगतिले विकास सक्रिय, इमानदार, र ऊर्जावान नेतृत्वमा निर्भर हुने कुरा औंल्याएको थिएँ । यसै सन्दर्भमा त्यस लेखमा मैले अन्य पेशाहरू जस्तै राजनीतिमा पनि अवकाश उमेर तोक्नुपर्ने तर्क गरेको थिएँ, ताकि नयाँ पुस्ताले देश विकासमा योगदान गर्न सकून् । आज नेपालमा उठिरहेको नयाँ पुस्ताको अर्थात जेन जीको चेतना र आन्दोलनले त्यो आवश्यकता अझ प्रासङ्गिक बनाएको छ । हालै देशका भर्खर भर्खरका काँचो उमेरका युवाहरूले देशका अनुभवी पाको पुस्ताले नदेखेको देशको अधोगति,वेथिति, अव्यवस्था, भ्रष्टाचार र देशवासीको दु:ख पीडा उजागर गरी देशवासीलाई ब्यूझाएका छन् ।

अस्थिरता, भ्रष्टाचार र झूट्टा आश्वासनहरूको वातावरणमा हुर्किएको आजको पुस्ता अब मौन बस्न तयार छैनन् भन्ने यसले देखाएको छ । उनीहरू परम्परागत पार्टी झण्डा बोकेर होइन, विचार, प्रश्न र साहस बोकेर उठेका छन् । उनीहरूले शारीरिक रूपमा कमजोर, मानसिक रूपमा थकित, तर सत्ताको कुर्सीमा अझै पनि टासिएर बसेका दशकौंदेखि उही पुराना नेताहरूलाई पार्टीका शीर्ष पदहरूमा देखिरहेका छन् । यो पुस्ता अब सोध्दैछ–किन वृद्ध र अशक्त नेताहरू अझै पनि सत्तामा टासिएका छन्नु किन राष्ट्र सेवामा रहेका निजामती, प्रहरी, सेनाका राष्ट्रसेवकहरू ५८ वा ६० वर्षमै अवकाश लिन्छन्, तर ७० वा ८० वर्षका राजनीतिज्ञहरूले अझै पनि प्रधानमन्त्री वा पार्टी अध्यक्ष भएर शासन गर्न पाउँछन्, यस्तो विरोधाभासले शासन प्रणालीको नैतिकता र कार्यक्षमता दुवैमा प्रश्न उठाउँछ ।

जसरी मैले अघिल्लो लेखमा लेखेको थिएँ, विकासका लागि ज्ञान, ऊर्जा र गतिशीलता आवश्यक हुन्छ । त्यस्तै सक्षम नेतृत्वमा लामो समय घण्टा काम गर्ने, छिटो निर्णय लिने र कार्यान्वयन गर्ने,कसैको पनि उपयोगी सुझाव, सल्लाह सजिलै ग्रहण गर्न सकने र समय र परिस्थितिलाई राम्रो आँकलन र आत्मसात गर्ने क्षमता हुनु पर्दछ । ती गुणहरू आजका युवा नेताहरूमा बढी पाइन्छन्–जो प्रविधिमा दक्ष छन्, विश्वसँग जोडिएका छन र नयाँ सोच बोकेका छन् । यस्ता बुद्धि ज्ञानले सम्पन्न उर्जाशील युवाहरुको सट्टा जब राजनीति वृद्धहरूको विश्रामस्थल बन्छ, तव विकास स्थिर रहन्छ । हाम्रो मुलुक यसको दृष्टान्त बनेको छ । हाम्रो देशमा विकास कछुवा चालमा छ । विकासको कुरा भने द्रूत गतिमा छ ।

इतिहासमा हामीले हाम्रो मुलुकमा आत्म सजग र इमानदार नेताहरूका उदाहरण पनि देखेका छौं । नेपाली कांग्रेसका सर्वोच्च नेता स्वर्गीय गणेशमान सिंहले २०४६ सालको जनआन्दोलनपछि राजा वीरेन्द्रले प्रधानमन्त्री बन्न आग्रह गर्दा आफ्नो उमेर र स्वास्थ्यको कारण आफू प्रधान बन्ने अवसर स्वइच्छाले छोडी आफना सहकर्मी नेता श्री कृष्ण प्रसाद भट्टराईको नाम प्रस्ताव गर्नु भएको भन्ने कुरा इतिहासमा छ । त्यो निर्णयले उहाँलाई अझ ठूलो नेता बनायो । त्यस्तै, अमेरिकाका राष्ट्रपति जो बाइडेनले आफ्नो उमेर र स्वास्थ्यलाई ध्यानमा राखी पुन: उम्मेदवारी नदिने निर्णय लिनु भएको कुरा पनि जग जाहेर छ । यी घटनाले नेतृत्वमा उत्तरदायित्व र आत्मसजगताको सुन्दर उदाहरण दिन्छन्–जसको कमी आजका नेपाली नेतामा स्पष्ट देखिन्छ ।

दुर्भाग्यवश, नेपालका धेरैजसो वरिष्ठ नेताहरू मृत्यु शैयासम्म पुगेको अवस्थामा पनि कुर्सी छोड्न चाहँदैनन् । ज्ञान, काम, सोचाइ, सेवा र त्यागमा अरु देशका अनुभवी, ज्ञानी र त्यागी बृद्ध नेताहरूसंग तुलना त के, सँगै नाम राख्न पनि नसुहाउने हाम्रा देशका भ्रष्ट, लोभी, स्वार्थी बृद्ध नेताहरु उमेरको हिसावले अवकाशमा रहन नपर्ने तर्कको लागि अरु मुलुकका बृद्ध नेताहरुका नामावली दृष्टान्तका रूपमा अघि सार्छन । उनीहरूले आफ्ना पार्टीहरूलाई लोकतान्त्रिक संस्थाभन्दा पनि व्यक्तिगत साम्राज्यमा रूपान्तरण गरेका छन् । यसले सक्षम र ऊर्जावान युवा पुस्तालाई अघि बढ्नै नदिने वातावरण सिर्जना गरेको छ । फलस्वरूप, जेन जी आन्दोलनले यसको विरुद्ध दलभित्र पनि जनआक्रोश बढ्दो छ ।

जेनजी आन्दोलन केवल असन्तोष होइन–यो आशाको प्रतीक हो । यो आन्दोलनले नेपाली लोकतन्त्रमा पुरानो पुस्ताको वर्चस्व अर्थात् वृद्धशासन, विरुद्ध प्रश्न उठाएको छ । सामाजिक सञ्जाल, सडक अभियान र नागरिक आन्दोलनमार्फत युवाहरू जवाफदेही, पारदर्शिता र पुस्तान्तरणको माग गरिरहेका छन् । उनीहरू वृद्धको विरोधमा होइन–उनीहरू विकासको गति रोक्ने बृद्ध विचार र मानसिकताको विरोधमा छन् । अब नेपालले कम्तीमा ६५ वर्ष राजनीतिक क्षेत्रमा पनि अवकाश उमेर अनिवार्य गर्नुपर्छ । ६५ वर्ष नाघेका कुनै पनि व्यक्ति पार्टी अध्यक्ष, महासचिव, मन्त्री वा प्रधानमन्त्री बन्न नपाओस् । यसले नयाँ सोच, नवीनता, र जीवन्तता ल्याउनेछ, जबकि वरिष्ठ नेताहरू सल्लाहकारको भूमिकामा रहँदै अनुभव बाँड्न सक्नेछन् । अनुभव र बुद्धिमत्ता निर्देशनका लागि हो, शासनका लागि होइन भन्ने सिद्धान्त स्थापना गर्न सकियो भने हाम्रो विकासले गति लिन सक्छ ।

कुर्सी नछोड्ने बानी सेवा होइन, स्वार्थी, लोभ लालचका चिन्ह हुन् । साँचो नेतृत्व भनेको आफूले सेवा कहिले सम्म गर्ने र कहिले जिम्मेवारी हस्तान्तरण गर्ने भन्ने कुरा समयमा जान्नु हो । राजनीतिमा अवकाश उमेर लागू गरेर नेपालले विश्व इतिहासमा आफ्नो राजनीतिक संस्कृतिलाई आधुनिक बनाउन सक्छ र २१औँ शताब्दीका चुनौतीहरू–डिजिटल रूपान्तरण, वातावरणीय संकट, युवा रोजगार, र विश्व प्रतिस्पर्धा आदि सामना गर्न सक्षम नयाँ पुस्तालाई अवसर दिनसक्छ ।

जेनजी विद्रोह केवल वितेका दिन र हिजोका नेताहरु विरुद्धको विद्रोह मात्र होइन युवा जमातको यो भविष्य निर्माण गर्ने माग पनि हो । भीक मागेर होइन, नियम बनाएरै नेतृत्व पुस्तान्तरण संस्थागत गर्ने काम होस् भन्ने यसको अमूक आशय बुझ्नु पर्दछ । इमानदार बृद्ध राजनीतिज्ञहरूले सम्मानजनक अवकाश लिई युवा पुस्तालाई देश सञ्चालन गर्ने अवसर प्रदान गरी न्याय प्रदान गरियोस् भन्ने यो आग्रह पनि हो । घर परिवारमा वाबुले छोरालाई सजिलै व्यापार व्यवसाय, उद्योगधन्दा सञ्चालनको जिमेवारी सुम्पन्न सकने सर्दभमा दलका नेताले अर्को युवा नेतालाई नेतृत्व हस्तातरण गर्न नसकिने कारण पनि देखिन्दैन । यसैले हाम्रा जेष्ठ,बृद्ध नेताहरूले राष्ट्रप्रेमका नाममा कुर्सी प्यारो नगरी देशको भलाई र जन कल्याणको लागि युवा जगतको काँधमा कुर्सी छाडी देशको कल्याणमा प्राथमिकता दिनु आजको समयको माग देखिन्छ । युवाहरुलाई मार्ग दर्शन गर्ने भूमिकामा आफू बस्ने गरी यो माग समयमा पुरा गर्न सकिएन भने ढीलो चाडो बृद्ध नेताहरु अपमान जनक अवकाशमा रहनु पर्ने वाध्यता समयले ल्याउने छ भन्ने कुरामा शङ्का छैन । यसमा बृद्ध नेताहरूले समयमा बुद्धि, विवेक लगाउन सकून् ।

narayanshanti70@gmail .com

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
Gorkha Express Weekly
मंगलबार Tuesday
२०८२ मंसिर १६, Dec. 2, 2025


# राप्रपाका ज्ञानबहादुर शाहीको माग




२०६३ सालमा जनआन्दोलनमार्फत राजनीतिक मुद्दा टुङ्गियो भनियो तर २०८२ साल भदौ २३ र २४ गते जुन प्रकारको जेनजी आन्दोलन भयो, यसबाट राजनीतिक मुद्दाहरु कचल्टिएको देखियो । परिवर्तनले यो १७ वर्षमा अपराधिकरण गरेको मात्र देखियो । यसकारण राप्रपाका नेताले जनमतसंग्रहको माग गरेको छ ।

# २५ देशका कम्युनिष्टको समर्थन



कम्युनिष्टहरु नेकपामा संगठित भएका छन् । २५ देशका कम्युनिष्टहरुले यो एकतालाई स्वागत गरेका छन् । तर नेपाली नागरिकले स्वागत गरेको देखिदैन ।

# भारतसँग फेरि सुपुर्दगी गर्न माग




बंगलादेशले भारतसँग फेरि शेख हसिनालाई सुपुर्दगी गर्न आग्रह गरेको छ । भारत र बंगलादेशवीच भएको सन्धिअनुसार बंगलादेशको आग्रह मानेर भारतमा निर्वाशनमा रहेकी बेगम शेखलाई सुपुर्दगी गर्नुपर्ने हो । बंगलादेशको अदालतले बेगम शेखलाई गतवर्षको विद्यार्थी आन्दोलन दबाउन राज्य दमन गरेको र १४ सय भन्दा बढी युवाको हत्या गरेको आरोपमा मृत्युदण्डको फैसला सुनाएको छ ।

बेगम शेख हसिनामाथि  मुख्यत ५ आरोप लागेका छन्-

हत्या र दमन, घातक हतियारको प्रयोग, छात्रछात्राको हत्या

निहत्था प्रदर्शनकारीको हत्या, गोली हानी शब जलाएको ।

बंगलादेशमा यस प्रकारको घटना भएकाले त्यसको असर नेपालमा देखिएको छ । गत भदौ २३ र २४ गते तत्कालीन केपी ओली सरकारले पनि राज्य दमन गर्दा शेख हसिनाले झैं विद्यार्थीको हत्या गरेको आरोप लागेको छ । यद्यपि अहिलेसम्म तत्कालीन प्रम ओली र गृहमन्त्रीलाई पक्राउ गरिसकेको अवस्था छैन ।

# ज्येष्ठ नागरिकमाथि दुर्व्यवहार रोक्ने कसरी ?

**छत्र प्रधान**

***ज्येष्ठ नागरिकमाथि दुर्व्यवहार झन झन बढ्दो अवस्थामा छ । सामाजिक चेतना फैलाउनका लागि राष्ट्रसंघले वर्षेनी कार्यक्रम आयोजना गर्छ र त्यतिबेला समाजमा तरङ्ग फैलिन्छ, मानवताका कुरा पनि हुन्छन् तर त्यसपछि फेरि घरघरमा ज्येष्ठ नागरिक अपमानित हुन्छन्, दुर्व्यवहार बढ्छ, जुन दुःखद यथार्थ हो ।***

*Elder abuse can be defined as "a single, or repeated act, or lack of appropriate action, occurring within any relationship where there is an expectation of trust which causes harm or distress to an older person." It is a global social issue which affects the health and human rights of millions of older persons around the world, and an issue which deserves the attention of the international community." – UN, 2021*

ज्येष्ठ नागरिकले राम्रो रसिलो व्यबहारको आशा जोबाट गरेको छ उसैबाट एक पटक मात्र नभएर पटक पटक मनै फुरून्ना पार्ने काम नगरेर उल्टै नोक्सान पुर्‍याउने र दुस्ख दिने काम गर्नँलाई नै ज्येष्ठ नागरिक माथि हुने दुर्व्यबहार भनिन्छ । यो बिश्वव्यापी सामाजिक मुद्धा हो जसले बिश्वभरिका ज्येष्ठ नागरिकको अधिकार र स्वास्थ्यलाई नराम्रो असर गर्दछ । यो मुद्धालाई बिश्व समुदायले नै ध्यान दिनु परम आवश्यक छ । (संयुक्त राष्ट्रसंघ, २०२१

ज्येष्ठ नागरिक माथि हुने दुर्व्यबहारको रोकथाममा कामगर्ने अन्तर्राट्रिय सञ्जाल, संस्था (INPEA) ले सन् २००६ देखि प्रत्येक वर्षको जून १५ तारिखलाई **"ज्येष्ठ नागरिक दुर्व्यवहार विरूद्ध विश्व चेतना दिवस"**को रूपमा बिभिन्न किसिमको कार्यकमको आयोजना गरेर मनाउँदै आई रहेको पाईन्छ । अर्को तर्फ यसै संस्थाले ज्येष्ठ नागरिक प्रति हुने दुर्व्यवहारको विषयमा खोज र अनुसन्धान गर्ने कार्यको सुरूवात पनि गरेको पाईएको छ । INPEA ले दुर्व्यवहार सम्वन्धी प्रचार प्रसार गर्ने कममा संयुक्त राष्ट्र संघलाई समेत घच्घच्याउन थाल्यो । संयुक्त राष्ट्रसंघको महासभाले पनि प्रस्ताव नम्वर ६६ र १२७ बमोजिम क्ष्ल्एभ्ब को अगुवाईमा डिसेम्वर, २०११ मा जुन १५ तारिकलाई **"ज्येष्ठ नागरिक दुर्व्यवहार विरूद्ध विश्व चेतना दिवस"** प्रत्येक बर्ष मनाउने निर्णय गर्‍यो । अत: २०१२ देखी यो दिवसलाई संयुक्त राष्ट्रसंघले औपचारिक रूपमा मनाउँदै आईरहेको छ । United Nation, NGO Committee on Ageing ले June 14, 2012, मा संयुक्त राष्ट्रसंघले सर्व प्रथम यो दिवस मनाएको अवसरमा नेपालको तर्फबाट तात्कालिन सचिव राष्ट्रिय ज्येष्ठ नागरिक संस्था, सञ्जालको तर्फबाट यो पंक्तिकारले "Building a local response system to prevent Elder Mistreatment in Nepal" को बिषयमा कार्यपत्र प्रस्तुत गर्ने अवसर पाएको कुरा सबैलाईअवगतार्थ अनुरोधगर्न चाहन्छु ।

यस पछि संयुक्त राष्ट्र संघका सबै सदस्य राष्ट्रहरूले यो दिवस विश्वभर मनाउने गरेको हो । नेपालमा पनि राष्ट्रिय ज्येष्ठ नागरिक महासंघले यो दिवस २००७ देखी विभिन्न जनचेतना मुलक कार्यकमहरू आयोजना गरि मनाउदै आईरहेकोमा सन् २०१२ देखी हालको नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसंग संयुक्त रूपमा विभिन्न चेतनामूलक कार्यक्रमहरू आयोजना गरी मनाउदै आइरहेको छ । संयुक्त राष्ट्रसंघले यस बर्ष प्रस्तुत गरेको नारा "Access to Justice अर्थात "न्यायमा पहुंच" ***भन्ने नाराका साथ*** हाल विश्वभर महामारीको रूपमा कोभिड-१९ को अतिनै प्रभावशाली दोश्रो लहरको असरका बाबजुद पनि यो विषम परिस्थितिमा ज्येष्ठ नागरिकलाई हुन सक्ने दुर्व्यवहार समेतलाई उजागर गर्दै, ज्येष्ठ नागरिकलाई कुनै पक्षबाट दुर्व्यवहार हुन नदिने उपाय अबलम्बन गर्ने तर्फ अझ थप सर्तक हुँदै सरोकारवाला निकाय संग हातेमालो गरेर सामाजिक सञ्जालको माध्यमसमेतबाट अघि बढीरहेका छौं । विश्वमै ज्येष्ठ नागरिकको जनसंख्या द्रुत्तर गतिमा बढदो छ । उमेरको हिसावले ज्येष्ठ नागरिक माथि हुने भेदभाव प्रशस्त पाईन्छन् । विश्वका बिभिन्न राष्ट्रमा भएको कानुनले ज्येष्ठ नागरिकको मानव अधिकार संरक्षणगर्न नसकेको प्रसस्त उदाहरण पाईन्छन् । हिजोको दिनमा आफुले भोग चलनगर्दै आएको अधिकार जस्तै व्यक्तिगत स्वतन्त्रता, आत्मसम्मान, सम्पतिको अधिकारबाट वंचित, स्वास्थ्य सुबिधा र मानोवचित कार्यबाट समेत अलग्याईन्छ यसबाट उनीहरूको आत्मसम्मानमा आईपर्ने चुनौतिहरूले गर्दा ज्येष्ठ नागरिकहरू हेंला र दुर्व्यवहारको सिकार बन्दछन् । 'ज्येष्ठ नागरिक माथिहुने दुर्व्यबहार अपराध प्राय: हाम्रो आफ्नै घर भित्र घटित हुन्छ । यस बिषयमा सार्वजनिक प्रतिकिया दिनु आवश्यक छ । सवैका लागि सम्मानपूर्ण जीवनको सिर्जना गरौं ।'

राष्ट्रसंघका पूर्व महासचिव वान कि मुन ज्येष्ठ नागरिकहरू आफ्नै वा, आफन्तहरूको घरमा र उनिहरूलाई स्याहार सुसार गर्ने जिम्मा लिएका आश्रम स्थलहरूमा समेत दुर्व्यवहारको शिकार हुदै आएका प्रशस्त प्रमाणहरू छन् । हामिले चिने जानेका ज्येष्ठ नागरिकलाई शारिरीक अथवा भावनात्मक रूपले घरकै परिवारबाट बेवास्ता हुने अथवा आर्थिक रूपले शोषण हुने स्थिति, तपाई हामिले आंखै अघि देख्न सक्छौं । ज्येष्ठ नागरिकलाई गरिएको दुर्व्यवहारका खत र उदाहरणहरू पत्ता लगाई सके पछि जुन ज्येष्ठ नागरिक प्रति यस्तो व्यबहार गरिएको छ उसको पक्षबाट तपाईले सहयोग गर्दा कुनै कुनै व्यक्ति बिशेषलाई मात्र सहयोग नगरि भविष्यमा हुने ज्येष्ठ नागरिक प्रतिको दुर्व्यबहार रोक्नमा तपाईको सहयोगको ठूलो महत्व हुनेनैछ भन्ने कुरामा दुई मत छैन् ।

शारीरिक रूपले बढी कमजोर ज्येष्ठ नागरिकहरू कसैले हेप्यो भने सामना गर्न असमर्थ हुन्छन वा कसैले आकमण गरेमा प्रतिकार गर्न सक्दैनन् । पहिला पहिला जस्तो स्पष्ट सँग देख्ने, सुन्ने, सोच्ने शक्ति उनिहरूमा हुदैन् त्यसैले गलत नियत भएकाहरूले उनिहरूबाट फाईदा उठाउने सम्भावना बढी रहन्छ ।
बर्षौ देखि तपाईले बाटाघाटामा वा मेलामा भेटिरहेका ज्येष्ठ नागरिकलाई अकस्मात बाटो घाटो वा घर बाहिर भेट्दा तपाई उनि संग भलाकुसारी गर्न चाहानु हुन्छ तर कसो कसो उनले शिष्टतापूर्वक नमस्कार फर्काए पनि उनले तपाईलाई नचिनेको जस्तो गर्नँ हुन्छ । उनको पाखुरामा भएको घाउका वारेमा तपाई सोध्नु हुन्छ तर उनि लडेको थिए भन्दै टारेर आफ्नो घर तर्फ लाग्छन् । केहि न केहि त पक्कै पनि भएको हनु पर्छ भन्ने आभास तपाईलाई हुन्छ, तपाई घाऊको बारेमा र उनको व्यबहारको बारेमा सोच्न हुन्छ, पक्कै पनि बुढ्याईको प्रभाव होला भन्ने अड्कल गर्नु हुन्छ तर  सत्य त्यस भन्दा फरक अरू केहि हुनसक्छ ।

करिव करिव ९५-५५ ज्येष्ठ नागरिकलाई दुर्व्यबहार बारेमा जानकारी छ । दुर्व्यबहारहरू मध्यमा सवभन्दा बढी ८६ प्रतिशत अवहेलना(वास्ता नगर्ने, अनादर गर्ने प्रतिशत ७५ छ भने गालि गलौज ७० प्रतिशत र शारीरिक यातना ५४५, आर्थिक दुर्व्यबहार २०५ र आवेशपूर्ण, भावात्मक दुर्व्यवहार १३ प्रतिशत ५ रहेको देखिन्छ ।

ज्येष्ठ नागरिक माथि हुने मुख्य दुर्व्यवहार ६ भागमा वांडिएको पाउंछौं । तल उल्लेखित दुर्व्यबहारहरू प्रायसबिश्वमै घटित दुर्व्यबहारहरू समेत हुन् ।

१ शारीरिक दुर्व्यबहार

ज्येष्ठ नागरिक प्रति हुने शारीरिक दुर्व्यबहार दुर्घटना लगायत उनिहरू माथि प्रयोग गरिने बलजफ्ति हो जस्ले उनिहरूलाई शारीरिक घाउचोट वा पिडा दिन्छ । यस भित्र कुटाई खाने वा घचेटिने मात्र नभई लागु पदार्थको अनुचित प्रयोग, वाधा व्यवधान र थुनेर राख्ने समेत पर्दछ ।

२. भावनात्मक दुर्व्यबहार

हेरचाह गर्नेले ज्येष्ठ नागरिकलाई धम्काउँदै अपमानित गर्दै गरेको अथवा अधिनमा राखेको तपाईले देख्नु भएमा भावनात्मक दुर्व्यबहार हुन्छ ।

३ यौन दुर्व्यबहार

क, स्तन वा सन्निका वरिपरी कोरिएका घाउ ।

ख, बताउन नसकिने भिरिडे रोग वा सन्निमा Giardia infection ।

ग, योनि वा गुद्धारबाट रक्तश्राव ।

घ, भित्रि लुगा च्यातिएको, दाग बसेको वा रगतको टाटा परेको ।

४ स्याहारकर्ता वा आफैबाट बेवास्ता

क, असाधारण बजन घटनु ।

ख, कुपोषण, शरीरमा पानीको कमी र अन्य खानपानका सवाल ।

ग, ओछ्यानमा हुने घाउहरू जस्ता उपचार नगरिएका शारीरिक समस्या ।

घ, धुलो,किरा वा लुगा फाटा र ओडने ओछ्याउने फोहोर भएका जस्ता अस्वस्थकर समस्याहरू ।

ङ, मैलो धैलो वा ननुहाएको स्थिति पाईएमा ।

च, मौसम सुहाउंदो लुगा वा ओडने नभएको ।

छ, ज्येष्ठ नागरिकलाई वेवारिसे अवस्थामा एक्लै सार्वजनिक स्थलमा छाडिएको पाईएमा ।

५. आर्थिक शोषण

क, इच्छापत्रहरू, सम्पति, जायजेथाका कागजपत्रहरूमा शंकास्पद परिवर्तन हुनु आर्थिक शोषण हो ।

ख, ज्येष्ठ नागरिकको खाताबाट प्रसस्त पैसा निकाल्नु ।

ग, ज्येष्ठ नागरिकको घरबाट सामानहरू वा नगद हराउनु ।

घ, ज्येष्ठ नागरिकको हस्ताक्षर कार्डमा नामहरू थपिनु ।

च, खातावाला ओछ्यानमै सिमित भएका बेला कार्डको प्रयोगबाट अरूले नै पैसा निकाल्नु ।

६ स्वास्थ्य सेवामा भ्रष्टाचार र दुर्व्यबहार ।




# चुनावपूर्व सहमति खोजौं



**शेखर ढुंगेल**

प्रजातन्त्रमा निर्वाचन जरुरी विषय हो तर यतिबेला संक्रमणकालीन स्थिति छ, राजनीतिक बिमति छ, द्वन्द्व बढ्दो छ । निर्वाचनले स्थिरता ल्याउन सक्ने देखिदैन । यसकारण, यो निर्वाचन रोक्नु पर्छ अन्यथा थप अराजकता बढ्छ र यसले देशको अस्तित्व सकिने खतरा हुनेछ ।

अहिलेको अबस्थामा निर्वाचन मात्र निकास हो र ? यो अवस्था किन आइ पर्यो त्यसको मूल्यांकन गर्नु पर्दैन ? किन भाग्नु पर्यो नेताहरु ? किन ढल्यो सरकार, किन असफल भयो संबिधान ? किन जल्यो देश ? को को कहाँ कहाँ चुक्यो को को जिम्मेवार छन् ? बिगत ३५ बर्षमा त्यसको मूल्यांकन समस्या र समाधान न खोजि निर्वाचनको रटान मुर्खता मात्र होइन देशको अस्तित्व समाप्ति तर्फ उन्मुख हुनेछ । यस तर्फ प्रत्येक नेपालीले गहन रुपमा चिन्तन मनन र निकास खोज्ने र रोज्ने तर्फ ध्यान दिने काम गरौ निर्वाचन केही महिना सार्दा हुन्छ । त्यो भन्दा पहिले आगामी दिनमा देशको स्वाधीनताको रक्षा शान्ति र स्थायित्व एबम सम्वृद्धिको बाटो सुनिस्चित गरौ। नेतृत्व बर्ग दल संबिधान र पद्धती असफल भएको छ हामी अझै सुझबुझ बिबेक र जिम्मेवारीको मानसिकता प्रदर्शन गर्न असक्षम र अयोग्य भयौ भने नेपाल र नेपालीको लागि दुर्भाग्यपूर्ण हुनेछ । देशको यो अति संबेदनशील अवस्थामा व्यक्ति, दल, बाद होइन देशलाई शिरमा राखेर इमान्दरिपूर्बक प्रत्येक नागरिक र राजनीतिक दलहरुले आआफ्नो दायित्व निर्वाह गर्न नचुकौं । बिगतमा नेतृत्वपंक्तिले जे जति जस्तो गल्ती र अपराध गरे, आज त्यसको महगो मूल्य चुकाउनु परेको छ । फेरि पनि पश्चातापमा झुल्सने काम गर्न किन आतूर हुने ? सबै राजनीतिक दल, जेनजी समूह र नागरिक समाजवीच संवाद, सहमति र सहकार्यको रुपरेखा तैयार गरेर चुनाव जानु उपयुक्त हुनेछ ।






**माफ गर्नोस् श्रीमान**
राजेन्द्र शलभ □

खोल फेरेर
पुरानै समय बााचिँरहेको
यो समयलाई
म, कसरी मेरो समय भनौं ?

मिनि - स्कर्टबाट
साडी लाउँदैमा
प्रेमिका श्रीमती बन्न सक्तिनँ ।

हामीले चाहेको त
एउटा घरजस्तो देश थियो
पिताजस्तो शासन थियो
छोराजस्तो अनुशासन
र, आमाजस्तो माया थियो ।
अब तपाईं
आफै भन्नोस, श्रीमान् !
साधियार झैं झगडिरहेका छोराहरू
सौता भित्र्याउन

तम्सिरहेका पिताहरू
र पोइल जान लालायित
आमाहरूको जमघटलाई
म कसरी
आफ्नो देशको नाम दिऊँ ?

तथापि एउटा कुरा भन्छु,
सधौं त , दुःशासनहरू
सिँहासनमा नबस्लान्
सधौं त, उज्यालोलाई
आध्यारोले नछोप्ला

आगोलाई
खरानीले छोपेर
कतिन्जेल
शीतलताको भ्रम ताप्न सकिन्छ र !



**गजल**



देशको माटोमा बलिदान,लेखिएको छ
रगतको अक्षरमा गान, लेखिएको छ ।

मेरा नशामा हिमाल,चम्किरहन्छ यहाँ,
देशको मुटुमा अभिमान, लेखिएको छ ।

सीमाना मेट्ने हर,कोसिस विफल छ,
पत्थर पत्थरमा अभियान, लेखिएको छ ।

सपना होइन यो त,अस्तित्वको स्वर हो,
प्रत्येक सासमा संविधान, लेखिएको छ ।

**एवाइ प्रभात**
धनकुटा नाम - पारुहाङ राई
उपनाम - एवाइ प्रभात
खालमा छिन्ताङ सहिदभूमि, धनकुटा

# आरम्भिक आँखामा अन्त्यारम्भ



*अरुणबहादुर खत्री*

कथाकार डा. टीकाराम पोखरेलको अन्त्यारम्भ कथासङ्ग्रह (२०८२) प्रकाशित भएको छ । यसभन्दा अगाडि उनको पहिलो कथा सङ्ग्रहको रूपमा धोको नामक कथासङ्ग्रह (२०५६) प्रकाशित भएको थियो । दोलखाको साहित्यिक रूपरेखा, दोलखाका व्यक्तित्वहरू, सिद्धान्त सिर्जना र समालोचना, ऐतिहासिक उपन्यास: सिद्धान्त र स्वरूप, हाइ हाइ ! नेपाल बन्द (व्यङ्ग्य सङ्ग्रह), लोकतन्त्रमा मानव अधिकार र मानव अधिकारका सिद्धान्त र क्षेत्र नामक कृतिहरू प्रकाशित गराइसकेका पोखरेल पछिल्लो समय सशक्त लघु कथाकारका रूपमा देखिएका छन् ।




***अन्त्यारम्भ कथा सङ्ग्रह***भित्र उनीद्वारा लेखिएका हरेमुरारे, बिहेको कोट, गाउँ हराएको सूचना, कथाभित्रको कथा, भूतपूर्व प्रेमिका लगायतका विभिन्न शीर्षकका २१ वटा कथाहरू समावेश गरिएका छन् । सङ्ग्रहभित्रको हरेमुरारे शीर्षकको पहिलो कथामा गाउँबाट हिँडेको बीस वर्षपछि देवानन्द गाउँ फर्किएको, फर्किंदा देवानन्द श्रीकृष्ण गोविन्द हरेमुरारीको अवतारमा आएको र गाउँलेले सुरुका केही वर्ष उसलाई देवानन्द भन्ने गरे पनि कालान्तरमा उनले आफ्नो पहिचान धार्मिक पात्र श्रीकृष्ण गोविन्द हरेमुरारीको रूपमा स्थापित गराएको तर काम भने धर्मको खोल ओडेर कुकर्म गरेको भन्दै समाजका छद्‌मभेषीहरूको चरित्रलाई उदाङ्गो पारिएको छ ।

बिहेको कोट शीर्षकको कथामा भर्खरै जुँगाको रेखी बस्दै गरेको रघु गाउँघरमा कोट लगाएका मान्छे देखेर लोभिने गरेको, कोट शब्द कानमा पर्नासाथ रघुले ठाडो कान लगाएको, आफूले पनि त्यस्तो कोट लाउने रहर गरेको सन्दर्भलाई बालमनोविज्ञान र बालविवाहसँग जोड्दै अभिभावकले आफ्ना सन्तानको बालमनोविज्ञान नबुझ्दा मान्छेको जिन्दगीमा पर्ने असरको चित्र कोरिएको छ ।

गाउँ हराएको सूचना शीर्षकको कथामा हरिहरले गाउँ छोड्दा गाउँमा मोटरबाटो नपुगको भए पनि अहिले मोटरबाटो पुगेको, मोटरबाटो त के भनौं मोटरबाटो जस्तो लाग्नेगरी डोजरले डाँडा काटेर माटो फालेको, जताततै डोजरले काटेर गाउँको अनुहार चारपाटे मुडेको टाउको जस्तो देखिएको भन्दै विगतको गाउँ अब त्यस्तो नरहेको तीतो यथार्थको चित्र कोरिएको छ । कथाभित्रको कथा शीर्षकको कथामा उन्मत्त यौन र बाध्यात्मक यौनको सन्दर्भ छ । उम्लेपछि पोखिन्छ, निरन्तर पोखिएपछि रित्तिन्छ । यो प्रकृतिको नियम हो । अन्तत: आधा घण्टा उम्लिएपछि ऊ पनि रित्तियो । आफू रित्तिएपछि उसले सोनियाँलाई छोड्यो, जुम्राले मृत शरीर छोडे झैं भन्दै मानिसको मनोदशा र नियतिको प्रष्ट्याएको छ ।

भूतपूर्व प्रेमिका शीर्षकको कथामा मैले उसको इच्छा पूरा गर्न नसकेपछि उसले असन्तुष्टिका साथ भनी- तिमी मेरो लागि यति एउटा फ्ल्याटको डिमाण्ड त पूरा गर्न सक्दैनौ भने तिमी मलाई के प्रेम गर्छौ ? भनेर प्रेमका विसङ्गत पक्षलाई उतारिएको छ ।

मातृत्व भोक शीर्षकको कथामा मानव प्रकृतिको सिर्जना हो, प्रकृति आफैंमा माता हुन्, यिनै प्रकृति माताले मेरो पिताको बीज मेरी माताको गर्भमा रोपेर मलाई जन्माइन् भन्दै नारीलाई आफ्नो मातृत्व कति प्रिय छ भन्ने कुरा उजागर गरिएको छ ।

चरित्र(हीन) शीर्षकको कथामा पतिले पत्नीमाथि गर्ने व्यवहारको चित्र कोरिएको छ । विवेक एक्लै बर्बराउन थाल्यो, अफिसबाट समयमा आउनु छैन समयमा भात पकाउनु छैन, न कपडा आइरन गरेको छ न घर सफा सुग्घर छ भनेर पतिले पत्नीलाई आफ्नो सेवक बुझेको जस्ता सन्दर्भ छन् । स्वानसभा शीर्षकको कथामा गाईजात्राका बारेमा अनेक कुरा सोच्दै गाईजात्रा हेर्न राजधानीको सडक चोकतिर भौतारिँदै गरेको, तर राजधानीका सडक चोकमा गाईहरू नभेटिएको, जताततै गाडी नै गाडी पाइएको, गाडीको ट्याँट्याँ टुँटुँले आतङ्क मच्चाइरहे झैं लागेको भन्दै साँस्कृतिक विषयलाई उठान गरेर राजनीतिक व्यङ्ग गरिएको छ । वेपत्ता न्याय शीर्षकको कथामा कुन बेला को कहाँ मारिने हो अनिश्चित थियो, बन्दुकले दोषी निर्दोषी चिन्दैन भनेर द्वन्दकालीन अवस्थाको चित्रण गरेका छन् ।

चरित्रहीन, छोक्रा, लिलामीमा प्रेम, नजन्मेकी विराङ्गना, भगवान् जस्ता कथाहरूले नारी अधिकारको पक्षमा वकालत गरेको छ । अधिकार हराएको चित्र, वर्गशत्रु, जनताको पार्टी, बेपत्ता न्याय जस्ता कथाहरू देशको राजनीतिक विकृति र मानव अधिकारको चरम दुरवस्थाको चित्रणमा केन्द्रित छन् । जिन्दगी एक भकुण्डो मानिसका जीन्दगीका घुम्तीहरू नियाल्नमा केन्द्रित छ । पुस्तकको नामकरण बोकेको सङ्ग्रहको अन्तिम कथा अन्त्यारम्भ भने मानव जीवनदर्शन हो । अन्त्य अर्को आरम्भ हो भन्ने दार्शनिक दृष्टिकोण अन्त्यारम्भ कथामा पाइन्छ । स्वानसभा जस्ता कथाले देशको वर्तमान राजनीतिप्रति तीव्र व्यङ्ग्य गरेको छ । कामोद्यान कथा पूर्ण रूपमा प्रेमको भोक र यौनको भोकमाथिको दोहोरो बहसमा केन्द्रित छ । समग्रमा सङ्ग्रहभित्रका कथाहरूमा सामाजिक विसङ्गति, प्रेमका जटिलता, मानवताको ह्रास, राज्यको नागरिकप्रतिको उदासिनता, न्यायप्रणालीमा देखिएका कमजोरी, लैङ्गिक विभेद र समाजका छद्‌मभेषी पात्रहरूको चरित्र जस्ता विषय उठान गरिएका छन् ।

कथाकार डा. टीकाराम पोखरेलको साहित्यमा झुकाव निरन्तर रहिरहेको छ । सामाजिक जागरण र चेतना जगाउन उनले झन्डै चारदशक साहित्यिक लेखन र अभियानमा आफूलाई समर्पित गरेका छन् । कतिपय कथाहरू दशकअगाडि लेखिएकाले केही कथाहरु समसामयिकताका दृष्टिले अलि कमजोर पनि छन्, तर ती अधिकांश कथाहरू सामाजिक परिघटनाहरूको दृष्टान्त बन्न पुगेका छन् । यो कथाकारको विशेषता हो । हुन त यही नै पूर्ण हो भन्न खोजेको हैन, यसभित्र पनि केही सुधारका पक्षहरू अवश्य छन् ।

समग्रमा भन्नुपर्दा विचारका दृष्टिले यसभित्रका सबै कथाले व्यापक सन्देश प्रवाह गरेका छन् । सङ्ग्रहमा कथानक, चरित्र, परिवेश, दृष्टिविन्दु, जीवनदर्शन, भाषाशैली आदि तत्वलाई समायोजन गरेर कथाहरू लेखिएका छन् । कथाकार पोखरेलका कथाहरूले पाठकको संवेदनालाई जुर्मराइदिएको पाइन्छ । उनले लेखेका कथाहरू मनोवैज्ञानिक यथार्थ, प्रेम र सामाजिक चरित्रका त्रिकोणात्मक सन्दर्भका छन् । व्यवहारको कसीमा जाँचेर हेर्दा चरित्र व्यवहारमा रुमलिएको छ । कथाकारले आफ्ना कथाहरूमा एउटा सामाजिक चिकित्सकले झैं जीवनदर्शन र मनोविज्ञानको बहसको प्रवेश गराएका छन् । कथाले पाठकको सोचाइमा श्रीपेच लगाएर स्पन्दनमा राज गर्न सकेको देखिन्छ ।

कथाकार डा. पोखरेलमा घटनालाई टपक्क टिपेर अनुकूल परिवेशले सिगार्ने खुबी छ । यिनको कलम तिखो छ । उनको कथा लेख्ने शैली सरल र बोधगम्य छ । पात्रहरूको उपयुक्त संयोजनबाट राम्रा कथाहरू सिर्जना गर्न उनी सफल छन् । कथाकार सिर्जनामा हरहमेसा खट्ने ऊर्जा भएका हस्ताक्षर हुन् । कथाकार डा. पोखरेलको लेखनयात्रा जारी रहोस् ।

कथाकार : डा.टीकाराम पोखरेल, कृति : अन्त्यारम्भ, विधा : कथा सङ्ग्रह
प्रकाशक : सुन्दर स्वदेश पब्लिकेशन, काठमाडौं, प्रकाशन : २०८२



## *बुढानीलकण्ठमा साहित्यिक कार्यक्रम, अब घरघरमा कविगोष्ठी*

*२०८२ साल मंसिर ६ गते बिहान कवि श्री मुकुन्द शर्मा चालिसे र मायादेवी शर्माको घर भसन्थली कैलाशकुञ्जमा कवि गोष्ठीको दोस्रो श्रृङ्खला सम्पन्न भयो । रचना सुनाउनेहरुमा कमला देवकोटा, लव खड्का, श्याम संकल्प, बालिका गिरी, अमर अधिकारी, मुकुन्द शर्मा चालिसे, मायादेवी शर्मा, संगम सापकोटा, अरुणबहादुर खत्री नदी, डा.जीवन जीवन्त, डा.अम्बिका अर्याल, अनिता लामा, दीपक शर्मा, दीनबन्धु शर्मा लगायत विभिन्न कविहरुले आ-आफ्ना रचना सुनाएका थिए । कवि गोष्ठीको तेस्रो श्रृङ्खला भने आगामी पौष ५ गते शनिबारको दिन बिहान ८.०० बजे कवयत्री कमला देवकोटाको घर बुढानीलकण्ठमा हुने भएको छ ।*

# मुक्तक : शायद यादहरु एकदमै बोझिला हुन्छन्



कर्मका हातहरू निरन्तर चलाउन सिक्नु
मेहेनतले उर्जा ल्याउन भर बनाउन सिक्नु
न दुखले छुन्छ न कमजोर हुन्छ जिन्दगी
परिश्रममा नै हरेक प्रहर रमाउन सिक्नु ।

**- अर्जुन अधिकारी**



कहिले काहीँ म छु तिम्रो साथ भनेर त हेर
मलाई पनि तै मनको कुनामा राखेर त हेर
कति गाह्रो हुन्छ एक्लै जिम्मेबारी वहन गर्न
मैले जस्तै हर प्रहर एक्लोपन कटाएर त हेर ।

**- तारा आचार्य**



उन्नतिको पाईला सार्न अनेकौ खुड्किला चाल्नु
जिन्दगीलाई सहज पार्नअपार खुड्किला चाल्नु
हरमोडका चुनौति ढाल्नु नै सफल पाटो हुनेछ
हरेक कठिन स्थिति टार्न अघिनै पाईला चाल्नु ।

**- चन्द्रकला आचार्य**



न्यायालय आर्यघाटमा पुगेजस्तो लाग्छ
स्वाभिमान ईमान्दारी झुकेजस्तो लाग्छ
रमितेभो कालोकोट मैदानमा देख्दा
सबै सामु राष्ट्रियता लुकेजस्तो लाग्छ ।

**- सीता ढुंगाना काफ्ले**



दम्भ अहंकारले मदमस्त छन केही बाहुबली
मैमत्ता बनेर ठान्छन आफूहरूलाई ठूलै महाबली
ठेकान लगाउनु पर्छ देशका सर्वोच्च शक्ति जनताले
तब औकातमा झर्ने छन यी धुर्त देशद्रोही र महाबली

**- कृष्णबहादुर थापा**



प्रेमका चोट यति चोटिला हुन्छन्
सम्झियो कि आँखा आफै गिला हुन्छन्
जति भुल्न खोज्यो उति याद आउँछ
शायद यादहरू एकदमै बोझिला हुन्छन् ।

**- लीला दाहाल**



समुन्द्रको छाल यो दिल दिमागमा ठोकियो
मन थिएन आफ्नै बसमा के के सोचियो
मुस्काउनु बाध्यता थ्यो पीडा भित्र लुकाएर
आँसुको छाल रोकेर धमिलो हाँसो पोखियो !

**- नीमा डी.सी.**



कहिले ढुङ्गा जस्तो रहन्छ मन
कहिले माटो बनी सहन्छ मन
चरीलाई पिंजडामा थुने झै थुन्न सकिन्न
त्यसैले कहिले नदी झै बहन्छ मन ।

**- उषा के.सी.**




सम्पादक/प्रकाशक : राजन कार्की
Editor/Publisher : Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## मारिएको विवेक, बिउँताउनु पर्छ

जनयुद्ध, जनआन्दोलनपछि गणतन्त्र ल्याएका हौं । गणतन्त्र विधिले चल्छ भन्ने कुरा भुल्यौं, विधिलाई कुल्चने काम गरिह्यौं, फलस्वरुप गणतन्त्र मऱ्यो । संविधान लेखियो, संविधानले व्यवस्था गरेको कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका सबैतिर विधि मिचिदा यी सबै संवैधानिक निकायहरु मरे । संविधान कतै बाँकी छ भने कागजमा मात्र छ ।

जेनजी आन्दोलनपछि असंवैधानिक तरिकाले अन्तरिम सरकार बन्यो । यो सरकार बन्नुको कारण लोकतन्त्रमा विवेकहीनता हो । लोकतन्त्रमा विवेक भएको भए आन्दोलनबाट डराएर सरकार भाग्दैनथियो, संसद मर्दैनथियो, कानुनको यति दयनीय अवस्था हुने थिएन । जिम्मेवार मूलको हो, अर्थात् राजनीतिको हो । राजनीतिले विवेक गुमायो । अविवेकी बनेर कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकामात्र होइन, राज्यका समूल सञ्जालमा राजनीतिकरण हुनगयो । राजनीतिक व्यभिचार यसरी बढ्यो कि जता पनि अपराधबाहेक केही भएन । अविवेकी कार्यशैलीका कारण विधिको शासनको घाँटी निचोरियो र जेनजी पुस्ताले बिद्रोह गर्नुपऱ्यो ।

राजनीतिको संरक्षणमा शासन प्रशासन र कानुनविदहरूमा समेत विवेकहीनता बढ्दै गयो । २०६३ सालको परिवर्तनपछि राजनीतिक बाइफालाप्रवृत्ति बढ्दै गयो र सक्नेले जति भ्रष्टाचार गरे पनि हुन्छ भन्ने छाडापन नै स्थापित हुनपुग्यो । यथार्थमा शासक, प्रशासकहरु आफै नाङ्गिदै गए र विवेकहीन हौं भन्ने प्रमाण आफैले दिदैगए ।

बिमतिलाई बेवास्ता गरियो, असन्तोषलाई बिरोध ठानियो, अन्यायलाई स्वभाविक मानियो, सभ्यता र संसदीय मर्यादालाई भुलियो । अनि न्यायका सबै मानकहरू, मानवाधिकारका सबै सीमाहरू मिचेर अघि बढियो । जबरजस्ती लोकतन्त्र यही हो भनेर आफ्ना राजनीतिक दबाब र प्रभाव थोपरियो । त्यो नितान्त निन्दनीय र विवेकहीनता थियो । विधिको शासनको पक्षमा उभिनुपर्नेहरूले विधि मिचेर अघि बढ्नाले आजको अवस्था सिर्जना भएको हो । सिर्जनाकार, अतिवादी, आतंकवादी लोकतान्त्रिक भनिनेहरु थिए । आलोपालो शासन सत्ता चलाउनेहरु थिए । सडक तात्नु स्वभाविक थियो । ससाना आन्दोलन भइरहकै थिए, तिनलाई दबाउँदा दबाउँदै जेनजी आन्दोलन भयो, आन्दोलनले बिद्रोहको स्वरुप धारण गऱ्यो । बिद्रोह हिंसामा परिणत भयो, सत्ताले रक्तपात मच्चायो, रक्तपातपछि आगजनी हुनपुग्यो । जेनजीको काँधमा आगजनी र लुटपाट मच्चाउनेहरुको घूसपैठ भएको थियो तर स्थापित राज्य र राज्यसंयन्त्रको भागाभाग भएपछि जे नहुनुपर्ने थियो भयो, जेनजीलाई लाभ नहुने र गर्नै नहुने घटनाहरु पनि हुनपुगे । यो घटनाक्रम सबैको जिम्मेवारी १७ वर्ष लोकतन्त्र चलाउनेले लिनुपर्छ ।

देश संकटमा पुग्यो, देशको अस्तित्व नै संकटमा पुगेको अवस्थामा पद्धति, नेता र अन्य विषय गौण हो । देश भए सबैथोक अटाउन सकिन्छ, देशै रहेन भने ? यो समय देशले, अस्तित्वले महत्व पाउनु पर्छ ।

आगामी दिनमा अराजकता र अस्थिरता रोकिनुपर्छ । रोक्ने सबैको प्रयासले हो । नेपाल हामी सबैको घर हो, घरमा शान्ति कायम गर्ने पनि हामीले नै हो । यसकारण सहमति, सहकार्य र संवाद पहिलो आवश्यकता हो । निषेध र विभेदको सोच त्यागौं । सबै राजनीतिक शक्ति एक हौं र विवेकी बनेर जेनजी पुस्ताको मागलाई संवोधन गरौं । यसका लागि जसले जे जति त्याग गर्नुपर्छ, गरौं । यही नै बच्ने र बाँच्ने अन्तिम सूत्र हो ।

# राष्ट्र बलात्कृत अवला नारी जस्ती भयो




जनयुद्ध, जनआन्दोलन सकियो, संविधानसभाले संविधान जारी गऱ्यो । संविधानअनुसार दुईपल्ट आवधिक निर्वाचन पनि भयो । तर लोकतान्त्रिक गणतन्त्रले जनताको आशा र अपेक्षा पूरा गर्न सकेन । कूशासन बढ्दै गयो, अपराधिक राजनीति मौलाउँदै गयो । वर्षेनी तैयार हुने ५ लाख युवाले अवसर पाएनन्, रोजगारी पाएनन्, नेपोटिजम र नेपोबेबीइजम बढ्दै गयो । फलत: असन्तुष्टि सिङ्गो मुलुकमा बाक्लिदै गयो । अभिभावकहरुसमेत आजित भए ।

सकभर सहेर युवाहरु विदेशीन थाले । उनीहरुले पठाएको रेमिटान्सले देशको अर्थतन्त्र धाने पनि भ्रष्टाचार र अनियमितता यसरी बढ्यो कि नियन्त्रण बाहिर गयो । असंगठित नागरिक र ससाना संगठनहरुले बिरोध, आन्दोलन गर्न थाले । ठूला दलहरुले बिरोध र आन्दोलनमाथि निर्मम तरिकाले दमन गर्न थाले । आखिरमा जेनजी पुस्ता सडकमा निस्कन बाध्य भयो ।

गत भदौ २३ र २४ को जेनजी पुस्ताको आन्दोलन त्यही उकुसमुकुको बिस्फोट थियो । राज्यले नरसंहार गरेपछि यो आन्दोलन बिद्रोहमा रुपान्तरण हुनपुग्यो । यो बिद्रोहको २७ घण्टामा लोकतान्त्रिक गणतन्त्र, निर्वाचित संसद, न्यायपालिका, कार्यपालिका केही पनि बाँकी रहेन । सबै खरानी भए । यहाँसम्म कि राष्ट्रका सम्पदा र व्यक्तिका सम्पत्ति समेत खरानी हुनपुग्यो ।

यसपछि अन्तरिम सरकार बन्यो । जेनजी पुस्ताले विजय हासिल गऱ्यो, सरकार बन्यो बुढो पुस्ताको । सरकारमा जेनजी देखिएन । जब सरकारमा जेनजी देखिएन, जेनजीका माग, एजेण्डा देखिने कुरै भएन । बिगतको साँढे २ महिना न जेनजी देखिन्छ, न जेनजीको एजेण्डाहरु जिवित देखिन्छन् । देखिन्छ त उही मनलागीतन्त्रको निरन्तरता ।

फागुन २१ मा चुनाव घोषणा भएको छ । एकथरि जेनजी कार्यकारीको निर्वाचन भनिरहेका छन्, अर्काथरि लोकतन्त्र र संविधानको निरन्तरता खोजिरहेका छन् । एमाले चुनाव गराउने सरकारलाई अवैधानिक भनिरहेको छ । एमाले युवा फोर्स नै गठन गरेर देशैभरि अस्थिरता फैलाउन थालेको छ । संसद पुनर्स्थापना एमालेले बटम लाइन बनाएको छ । जेनजी पुस्ता संसद बिघटन भए अर्को आन्दोलन भन्दै छ ।

राजनीतिक दलहरुले आफ्नै कारणले, आफ्नै असफलता र अकर्मण्यताका कारणले जेनजी पुस्ता आक्रोसित हुनपुगेको र हिंसा भएको जिम्मेवारी लिन तैयार छैनन् । बालबालिका मारेको, दमन गरेको र अराजकता फैलाएको जिम्मा नलिनाले देश गम्भीर मोडमा पुगिसकेको छ । अझै पनि राजनीतिक षडयन्त्र गर्न अघि सर्नु भनेको भोलिका दिनामा ठूलै दुर्घटना निम्त्याउनु हो भन्ने विषयमा किन ठूला दलहरु गम्भीर छैनन् ।

जे जति विध्वंश हुनुथियो भयो, अब निर्माण सुरू हुनेछ भनेर गरिएका सबै विश्वास र आशाहरू तुषारापात भएको छ । खरानीबाट देश उठाउनु छ, सुशासन स्थापित गर्नुछ । यो कुरा ठूला दलहरुले नबुझ्नु दुर्भाग्य हो ।

जो शान्ति, प्रगति र सुशासन दिने जिम्मेवार थिए, बहुदलको ३७ वर्ष, लोकतन्त्रको १७ वर्ष शासनमा थिए, तिनीहरूमा विवेक र नैतिकता नभएका कारण देश अधोगतितिर उन्मुख छ । राजनीतिलाई व्यवसाय बनाएपछि के हुन्छ भन्ने ताजा दृष्टान्त भदौ २३, २४ को हिंसात्मक आन्दोलन हो, राज्य दमन र दमनपछिको प्रतिकृया हो । परिदृश्य हो । सहमति, संवाद र सहकार्य गर्ने हो भने साधन, स्रोत र समयको अभाव छैन, कुनै अल्झो र तगारो पनि छैन । जनताले अझै आँखा चिम्लेर साथ दिन्छन् भन्ने भ्रममा दलहरु र ठूला नेताहरु छन् भने त्यो भ्रम जेनजी पुस्ताले मेटाइदिएका हुन् । अझै पनि भ्रष्टाचार र नेपोटिजमको साम्राज्य चलाउन सकिन्छ भन्ठान्ने हो भने त्यो असफल पार्टी नेताहरुको दिवा सपना मात्र हुनेछ ।

२०४६ सालदेखि २०८२ सालसम्म जनताले साथ र सहयोग दिएकै हुन् । आफूमा भर विश्वास गर्ने जनताको शोषण गर्नेहरु अझै विवेकहीन हुन्छन् भने त्यसको नतिजा सुखद हुनेछैन । प्रधानमन्त्रीले हेलिकोप्टरमा भाग्नुपऱ्यो, मन्त्रीहरुलाई सशस्त्र प्रहरीले बचाउनु पऱ्यो, शेरबहादुर देउवा र डा.आरजु देउवालाई जनताले लछारपछार पारेको देखियो । प्रचण्डजस्ता नेताहरु लुक्नुपऱ्यो । अझै पनि चेत खुल्दैन भने त्यो यिनको बुद्धीहीनता र देशको अधोगतिको संकेत हो ।

ठूला भनिएका नेताहरुले आत्मसमीक्षा गरुन्, देखिनेछ- सिद्धान्तमा कोही अडेनन्, नैतिकतामा कोही रहेनन् । नयाँ नेपाल बनाउँछौ भन्ने यिनै थिए, यिनीहरु हुँडार र लुटारजस्ता मात्र देखिए, नेपालको सतित्व र अस्तित्व रक्षा गर्ने लक्ष्यण कुनै नेतामा देखिदैन ।

यसकारण नेपालको हालत बलात्कृत अवला नारीको जस्ता हुनपुग्यो ।

२०६३ साल पछिका हरेक नेताको अनुहार किन चटके चटके देखिन्छ ? किन तिनलाई जन्मेको माटोभन्दा चटक र लुटमारको मात्र चिन्ता लाग्छ ? आम लाहुरेले जन्मेको माटो, सन्तान, माया बिर्सिएनन् । राजनीतिक लाहुरेहरू त स्वदेशलाई भन्दा लाहुरको बढी चिन्ता गर्छन् । यसकारण त यिनलाई चुच्चे नक्सा दुख्दैन, नेपाली माटो सस्तो लाग्छ, बालबालिकाको रगत स्वाद लाग्छ, दमनमा रमाउँछन् । विदेशी स्वार्थमा लुटपुटिनुमा दङ्ग पर्छन् । यस्ता हिटलरचरित्रले र व्यवहारले गर्दा नेपाल-सोमालिया, हाइटी बन्दै गएको छ ।

यी लोकतन्त्र सफल भयो भन्ने नेताहरु भ्रष्टाचार गरेर र मान्छे बेचेर लोकतन्त्र सफल भयो भन्दैछन्, विश्व जगत नेताहरुप्रति दया देखाइरहेछन् ।

१२ बुँदे दिल्ली सम्झौतापछि नेपाल कहाँ थियो, कहाँ पुग्यो ? अझै पनि राजनीतिक नेताहरू बहस गर्दैनन् । पहिले सिपाहीहरू लाहुर जान्थे, पछि रोजगारी खोज्दै लाहुर जान थालियो । लोकतन्त्र आएपछि त खाडीदेखि सवासय मुलुकमा नेपाली लाहुरेहरू भेटिन्छन् । अवसरको खोजी, परिवारको गाँसवासको बन्दोवस्त गर्दै लाहुर जाने भीड हरेक दिन एयरपोर्टमा देख्न सकिन्छ । लुकेर, लुकाएर, झुक्याएर, फकाएर मान्छेका व्यापारीहरू मान्छे बेचिरहेकै छन् । नेपाल मान्छे बेचिने बजार बन्यो । भुटानी बनाएर समेत युवायुवती बेचिए ।

लज्जा पनि लज्जित हुनेगरी नेताहरु नाङ्गिए । जय नेपाल, लाल सलाम भन्नेहरूले लगौंटी पनि बाँकी राखेनन् । सहारा र सल्लाहका लागि वर्षको चालिसचोटी दिल्ली, बेइजिङ् वा वाशिङ्टनमा छलाङ्ग हान्नेहरूले घुमाएर कान समाएको शैलीमा 'जय हिन्द' 'यस सर' भन्नथालेको धेरै भयो । लाग्छ, लोकतन्त्रवादी नामकाहरुले अरू केही जानेकै छैनन् । यिनको लोकतन्त्रको गति-मतिको बेगले नेपालीत्व सखाप हुँदैछ । गौरवपूर्ण नेपाल असफल राष्ट्र बन्यो ।

जनयुद्ध गरून् कि जनआन्दोलन, लोकतन्त्र भनुन् कि समाजवाद, यिनले कहिले विश्लेषण गरेनन् । असन्तुष्टिले पराकाष्ठा नाघेपछि जेनजी पुस्ता आन्दोलित भएका हुन् । आमनागरिकले जेनजी पुस्ताको साथ दिएका हुन् । देशको खास समस्या भनेकै नेता र पार्टीहरुको लुटाह प्रवृत्ति हो । कार्यपालिकाले व्यवस्थापिका र न्यायपालिकासम्म अपराधिकरण गर्नु हो । यो प्रवृत्ति बोकेका नेताहरु आज पनि स्वार्थको लुते धन्दाले पिरोलिरहेको छ । त्यसैले संविधान असफल भयो, नेताहरु असफल भए, पहिले न्याय नपाए गोर्खा जानु भनिन्थ्यो, वर्तमान कालखण्डमा न्याय खोज्न कहाँ जाने ?

स्वीट्जरलैण्डको प्रतिव्यक्ति आय ३० हजार डलर छ, सिंगापुरको २५ हजार । स्वीट्जरलैण्ड र सिंगापुरजस्तै साधन स्रोत सम्पन्न देश नेपालीको प्रतिव्यक्ति आय ३ सय पनि छैन । ४० प्रतिशत जनता एकछाक भोकै बस्छन् भन्दा नेताहरूलाई हीनताबोध हुँदैन । हिजो कृषि प्रधान देश थियो, त्यसपछि हरियो बन नेपालको धन भनियो । राजनीति र कुशासनको भ्रष्टाचारले कृषि र बन धरासायी भएपछि प्रकृति र पर्यटनलाई नेपालका लागि बरदानको आधार मानियो । जनयुध्द र अस्थिरताको प्रहारले राष्ट्र छिया-छिया भएपछि जलस्रोतलाई सेतो सुन भनिदैछ ।

यो सेतो सुनबत्ती नेपालीले १२ रूपैयाँ युनिटमा बाल्छन्, ४ रूपियाँमा भारत निकासी भइरहेछ । यो कस्तो विकास हो ? यसअघि नेपालले लोडसेडिङ हटाउन भारतबाट प्रतियुनिट १० मा खरिद गरेको थियो । किन्दा प्रतियुनिट १०, बेच्दा ४ । यति ठूलो शोषण ? स्वावलम्बन र स्वाभिमान भन्ने किन कुनै नेतामा छैन ?

२००८ सालमा कोसी, २०१६ सालमा गण्डकी, २०५१ सालमा महाकाली, २०५२ सालमा मेची र २०६३ सालपछि कर्णाली र सेतीजस्ता ठूला-ठूला नदीनालामा भारतको हैकम स्थापित गर्नपुग्यौं । भूपू प्रधानमन्त्री डा.बाबुराम भट्टराई भन्छन्- बुढी गण्डकीमा ओली, प्रचण्ड र माधव नेपालले ३ अर्बका दरले घूस खाए, प्रमाण मसँग छ । प्रमाणित नभए झुण्डिएर मर्छु । तर कुनै कानुनले तिनलाई छुँदैन । महालेखाले दुई थान जहाज खरिद गर्दा ४ अर्ब ३५ करोडको भ्रष्टाचार भएको किटानी गरिदियो । यसबाहेक गिरिबन्धुको जग्गा, सुनकाण्ड, एनसेल काण्ड, सेरा दरवारदेखि बालमन्दिरसम्मका जग्गा भ्रष्टाचारलगायतका सयौं काण्डहरु छन्, छानबिन हुँदैन । यही हो लोकतन्त्र ? कहाँ छ जवाफदेहीता ? जिम्मेवारी ?

कहिल्यै उपनिबेश बन्नु नपरेको नेपाल 'बहादुर' 'कान्छा'बाट 'आतंककारी', 'गार्ड' र 'कमारो' 'दास' बन्दै 'रेमिटान्स अर्थतन्त्र'को हाइटी स्तरमा झरिसकेको छ । हाइटी भनेको त्यो देश हो, जहाँका जनताले दुभालियरजस्ता भ्रष्ट नेता र उनका आज्ञाकारी प्रशासकहरूलाई शोषण गर्न र निरङ्कूशतन्त्र चलाउने मौन छुट दिएका थिए । त्यो हाइटी र यो नेपालमा आखिर फरक नै के बाँकी छ र ? दुभालियरहरु आज पनि जनतालाई भयभित पारेर तर्साइरहेका छन् ।

दण्डित गर्नुपर्ने जनता त्रसित छन्, न्याय दिने न्यायालय नाङ्गेझार छ ।

लोकतान्त्रिक गणतन्त्र लुटतन्त्र नेपाल भयो, इमान, नीति, नैतिकता सिसा फुटेझैं फुट्यो । ९३ प्रतिशत बिपन्न, कमैया, कमलरी, सुकुम्बासी, बेरोजगार, असहायहरूलाई सपनाको व्यापार गर्ने लोकतन्त्र नामको सस्तो राजनीतिक बजारजस्तो छ नेपाल । नेताहरुले १७ वर्षसम्म सपना बेचेर कानुनको घोडा चढ्नु चढे । जयप्रकाश मल्लले वर्षको एकपल्ट गाईजात्रा देखाएर शोकमा परेकी महारानीलाई मनोरञ्जन दिने गर्थे, हाम्रा नेताहरूले बाह्रैमास गाईजात्रा देखाइरहे । हामी गाईजात्रे, लोकतन्त्र-गाइजात्रा भयो । यही गाईजात्राको पटाक्षेप हो जेनजी आन्दोलन ।

जनतालाई मासुभात र पैसा बाँडेर मतदान गर्ने मेसिन बनाए । जसले जनबल र जनमत दिए, तिनको रगत पिउनुसम्म पिए । यसको नजारा भदौ २४ गते आगजनी हुँदा ठूला नेताको घरघरमा नोट जलेको र जलेका नोट उडेको दृश्य बनेको थियो । अझै यी नेता ढाँट्छन् र भन्छन्- एआईले बनायो । कोही नेता यतिका नोट पनि घरमा राख्छन् र भनेर छली कुरा गर्छन् ।

स्थापित नेताका लागि नीति, निष्ठा र नैतिकताको कुनै अर्थ छैन । राष्ट्रलाई नैतिकहीनताको खाडलमा जाक्ने यिनै हुन्, जसका कारण कुशासन बलियो भयो ।

राजतन्त्र कि फालियो, हिन्दुधर्म किन मिल्काइयो, देशमा बढेको भ्रष्टाचार र इसाई, मुसाइकरणले देखाएको छ । सधैं शान्त नेपालमा धार्मिक, क्षेत्रीय, जातीय बढ्दो बिभाजनको कारण पनि यिनै नेता हुन् । महाभारतका दृष्टिहीन राजा र लोकतन्त्रका विवेकहीन नेताहरूमा भिन्नता रहेन । यति हुँदा पनि राजनीतिक सुकुलगुण्डाहरूको चेत पलाएको छैन ।

लोकतन्त्रको भजन गाउने नेताहरू लोकतन्त्रमा हुनैपर्ने विधिलाई कुल्चेर बुर्कुसी मारिरहे, जेनजीले सवक सिकायो, फेरि पनि जनइच्छा कुल्चेर अघि बढ्न खोजिरहेका छन् ।

सार्वभौमिक पहिचानको कुरा गर्ने हो भने भेटिकनदेखि भुटानसम्म, बंगलादेशदेखि बर्मासम्म विश्वसमुदायमा समान छन् । नेपालमात्र भारतको सामु मुखले बोल्न सक्दैन, नाकले सुघ्छ र पुच्छर हल्लाईरहन्छ । विश्वशक्तिको प्रतिस्पर्धा, भूराजनीतिका गोलचक्कर, बेइजिङ र वाशिङ्टन छिरेपछि नेपालको भविष्य अन्यौलमा धकेलिएको छ । यो अन्यौलको अँध्यारोमा टुकी बाल्ने परराष्ट्रनीतिले हो । यो नीति हाँक्ने अब्बल पात्रहरू छायाँमा छन् । यति ठूलो जेनजी आन्दोलनपछि पनि मौसमअनुसारको ट्यूनिक लगाउनेहरू मात्र देखिन्छन् । अर्थात आत्मशक्ति गुमाएर घ्राणशक्तिमा पुगेका छौं हामी । देश १७ वर्षदेखिं फोहर नउठाउँदा नाली बनेको छ । राजनीतिमा भाइरस बढी छन् । भाइरसले देश खान सक्छ ।

जनतालाई भयाक्रान्त पारेर चलेको लोकतान्त्रिक बाहुबलीतन्त्रको अन्त हुनैपर्छ । जेनजी आन्दोलनको माग सुशासन हो, सुशासन स्थापना अनिवार्य शर्त हो । यसका लागि जेनजीले रगत बगाए, सहिदको सम्मान हुनैपर्छ ।






**आमा :**

त्यो पिपलको रुखमा म बाको प्रतिच्छायाँ देख्छु । हरेक दिन त्यो पिपलको रुखलाई हेर्छु र बालाई सम्झन्छु । मलाई झझल्को लाग्छ, त्यो पिपलको रुखबाट बाको आत्माले हामीलाई हेरिरहेको छ ।

घरमुनीको पाखोबारी, बारी छेउको पिपलको रुख । अहिले पनि त्यो पिपलको ठूलो रुख छँदैछ । घरका बस्तुभाउलाई पिपलको हरियो पात खालान् कि भनेर झार्न उक्लिएछन् बाउ । त्यही रहेछ, अरिङ्गालको गोला, अरिङ्गालले चिल्न थालेपछि बाउ ऐया, मरे भन्दै झरेछन् । देख्नेले हार गुहार गरेपछि बालाई घरमा ल्याए । जीउभरि डाबर नै डाबर, ज्वरो आउन थालिहाल्यो । अरिङ्गालले टोकेको साह्रै विषालु हुनेरहेछ क्यार, अहिलेको जस्तो अस्पताल र ओखतीमूलो पनि थिएन । झारफुक गरेको केको तातोपानी लाग्नु । मेरा बालाई अरिङ्गालको विषले चाप्दै लग्यो ।

आमा भन्दै हुनुहुन्थ्यो- २०२२ सालको तिहार, भाइटीकाको दिन । पिँढीमा तेरा बाउलाई सुताइएको थियो । इन्तु न चिन्तु अवस्थामा गहभरि आँसु पारेर हेरिरहेका थिए । बालाजुबाट तेरी फुपुले आएर भाइटीका लगाइदिनुभयो । त्यसपछि तेरा बा बित्नुभो । तेरा ठूलदाजु पल्टनका सिपाही, दरवारको उत्तरढोकामा खटिएको थियो गोरखदल गणमा । गाउँका दुईजना बोलाउन गए, गाउँले जम्मा भए, बाँस काटेर ल्याए, तेरा बाउलाई बाँधे र आर्यघाटतिर लगे । बाउले मट्टी बिसाउनुभो ।

टीकाका दिन बितेकाले तिमीहरुले जीवनभर रातो टीका लगाउन पाउने छैनौं । टीकाका दिन एकछाकी पर्छ । कुनै कुनै वर्ष तिथि घटबढ हुँदा भने टीकाको भोलिपल्ट एकछाकी पर्छ ।

पाँच दाजुभाइकी एउटी बहिनी, हरेक वर्ष बहिनी आउँछे, टीका लगाइदिन्छे, तर निधारमा रातो टीका हुन्न । टीकाका दिन बालाई सम्झन्छौं, एकछाक खान्छौं र भोलिपल्ट बाको श्राद्ध गरेर पिण्ड सेलाएपछि पिण्डप्रसाद खान्छौं । हाम्रो तिहार यसैगरी हरेक वर्ष आउँछ र जान्छ । फूल र उज्यालोका पर्व, यो पर्वले हामीलाई सधैँ बाको सम्झनाले सताइरहन्छ । न टीका, न फूलमा रङ देखिन्छ, न उज्यालो उज्यालोजस्तो लाग्छ । रमाउने मन हुन्न ।

एकदिन फेरि आमाको मनमा ठेस लागेछ । आमाले भन्नुभयो- मैले ५ छोरा, एक छोरीलाई कसरी हुर्काएँ होला, के खान दिएँ होला, के खाएँ होला, कति राति रोएर बिताएँ, कति छाक भोकै सुतेँ, मनको बह पोख्ने कोही थिएन ? जोरीपारी खाइस् मात्र भन्ने, छिमेकीमा लोग्ने मरेकालाई बाँच्न साह्रै मुस्किल थियो । जसरी तसरी तिमीहरुलाई हुर्काएँ । बढाएँ, पढाएँ ।

पहिले त झारा प्रथा पनि थियो । खाजा ज्याला जे भने पनि १२ पैसा दिन्थे, दिनभरि थानकोट चिसापानीगडी बाटो बनाउन जानुपर्थ्यो । २०१२ सालतिर त्रिभुवन राजपथ बनाउन पनि झाराप्रथा नै बेहोरें । बिस्तारै झाराप्रथा हट्यो । तर आइमाई र लोग्नेमान्छेले काम बराबर गर्नुपर्ने आइमाईलाई ज्याला कम दिने प्रथा हटेको छैन ।

ससूरा सिंहबहादुर, कीर्तिपुर जंगलका बनपाले थिए । ऊबेलाकी सासू, साह्रै करकरे । बाजेले ए बस्नेतकी छोरी भनेर बोलाएपछि सासू ज्यू भनेर जान्थिन् । तेरी बुहारीलाई तह लगा है तह लगा भन्थे । सासूको बुहार्तन बेहोर्नु बेहोरियो । सासु गए, ससुरा गए, तेरा बाउ पनि गए । साना साना लालाबाला, मेरो कुन हविगत भयो होला । त्यसरी हुर्काका छोराहरु, मैले भित्र्याएकी बुहारीहरु आज मैलाई हेप्छन् ।

आमा भन्नुहुन्थ्यो, रोग नलागोस् भनेर तिमीहरुलाई स्वयम्भु अजिमा, बिजेश्वरी, बिशालनगरको भाटभटेनी र ज्ञानेश्वरको मन्दिरमा धेरैपल्ट दर्शन गराएको छु । देवीहरु साक्षात थिए, बालबालिकाको रोग निको हुन्थ्यो । विश्वास अति थियो देवीदेवतामा । आजकल विश्वास कम, फेसन बढी हो जस्तो लाग्छ ।

मैले आज पनि देखेको छु, आमाहरु बच्चालाई रुन्चे लाग्यो, टाक्सिए, बिरामी परिरहे, रोगी भए, फस्टाएन भने स्वयम्भु अजिमा, बिजेश्वरी, भाटभटेनी र ज्ञानेश्वरको मन्दिरमा दर्शन गराउन लगिरहेका हुन्छन् । बच्चा च्यापेका आमाहरुको भीड नै लाग्नेगर्छ ।

मलाई लाग्छ, सबै ठाउँमा भगवान पुग्न सक्दैनन्, त्यसैले भगवानको रुपमा आमा बनाइदिएको हो कि । सन्तानका लागि आमा सर्जक पनि हुन्, सिर्जनाकार पनि हुन् । त्यसैले आमा भगवानको अवतार हुन् ।

आमाले सधैं सुख सन्तानको मुहारमा खोज्नुभयो ।

आमा दाजुभाई, भाउजु, बुहारीको अपमानबाट रिसाउनु हुन्थ्यो र लामो श्वास फेर्नुहुन्थ्यो- सानो छउन्जेल मर्लान् कि भन्यो, ठूला भए, स्वास्नीका धनी भए, अव मार्लान् कि भन्ने डरभो । सहारा देलान भनेको त सास्ती पो दिनथाले ।

एक्कैछिनपछि आमाको ममता उस्तै हुन्थ्यो । मैले आमालाई धेरैपल्ट खोयलपाखो, घैयापाटो, पाखोबारी खनफोर, कोदो रोपेर आउँदा निकै थाकेर खानै नखाँई मुलोच्छ्यानमा सुतेको देखेको छु । आमा बेहोस् हुनुभएको हो कि थकाइले चूर, हामीलाई थाहै हुन्थेन । केही घण्टापछि उठ्नु हुन्थ्यो, कल कल पानी खानुहुन्थ्यो र भन्नुहुन्थ्यो- तेरा बाउ बाजेका पालामा भूत बोलाउन आउँथ्यो । ए कैले, ए कैले, ए कैले भनेर तेरा हजुरबाउलाई तीनपल्ट बोलाएपछि चौथोपल्ट तेरा हजुरबा बोल्नुहुन्थ्यो । किन हँ ?

आमाले भन्नुभयो- त्यतिबेला जसले बोलाए पनि बिरामी परिन्छ भनेर तीनपल्टसम्म बोलाउँदा नबोल्ने चलन थियो । त्यतिबेला ख्याकले तर्साउन पनि आउँथ्यो । पानीको दुःख, आधारातमै खोलाछेउको कुवामा पानी लिन जानुपर्ने, दशैँअघि आधारातमै रातमाटो लिन पाखातिर लाग्नुपर्ने, कहिले कहिले ख्याकले पछ्याउँथ्यो । बोल्दै नबोली, पछाडि नफर्की हिड्थ्यौं हामी ।

भोक लाग्यो । भन्थ्यो । घैयापाटो खनेर आ, अनि दिउँला भनेपछि जान्थ्यो । खानेकुरा ढोकाबाहिर राखिदियो, भोलिपल्ट उठ्दा भाँडो खाली हुन्थ्यो, घैयापाटो सबै खनेको देखिन्थ्यो ।

एकदिन मैले अर्की आमा किन घरमा आउन्नन् भनेर सोधेँ । आमाले भन्नुभयो- भुन्टी पनि तिमीहरुकै जेठी आमा हुन् । गाउँकै हर्के सुवेदारको नातेदार भुन्टीलाई पहिलो विहे गरेका थिए तेरा बाउले । भुन्टीलाई बिहे गरेपछि एउटी छोरी जन्माइन् । त्यसपछि उनको सन्तान हुनछाड्यो । ससुरा सिंहबहादुरले छोरालाई भने- तेरो अर्को बिहे गर्नुपर्‍यो । नाती त चाहियो चाहियो । ढिकुरोको मालिक नभए पाल्ने पोल्ने, बंश कसले धान्छ ? अंश कसले खान्छ ? स्वर्ग जाने बाटो रोकिने भयो ।

त्यतिबेला मुखमुखै लाग्ने चलन थिएन छोराहरुको । यति भएपछि ठूली आमा भुन्टी माइत गएर बस्न थालिन् । यता धुइँधुइँती केटी खोज्न थालियो । मट्टार, सितुपाखामा बाउको दोस्रो विहेको कुरा छिनियो । ६ दिदीबहिनी, ४ दाजुभाइ थिए, छोरी बिहे गर्न गाह्रै थियो, दोस्रो बिहे भए पनि एक्लो छोरो देखेर बाउले दिए, बिहे भएर माउरीको गोलोजस्तो गञ्जागोलमा आएँ ।

नैकाप तीनथानाबाट जन्ति गयो । बरणी सकिएपछि भत्तेर खाने ख्वाउने काम सकियो । राति जग्गेमा दुलही निकाले, जग्गेको काम सुरु भयो । यता जग्गेका बाजे होम गर्दै आफ्ना मन्त्र पढ्दै थिए, उता खाँडो भन्न थालियो । केटा र केटीपक्षवीच खाँडो भन्दाभन्दै तँ तँ म म भएर खुँडा निकाला निकाल भइहाल्यो । यताका नैकापे, उताका मटिटारे, दुबै खाइँखादै । सक्किगो नि । उज्यालो हुँदा नहुँदै मारमुङ्ग्री सुरु भयो । केको जन्तिबाख्रो काट्नु, पाक्नु र खानु । को कहाँ पुगे, को भागे, कसले गोदाइ खायो पत्तै भएन । बाठा नैकापे तेरा हजुरबाले मलाई उलिनकाठमा हालेर सुइकुच्चा ठोकिहाले । यसरी बिहे भएको भएको हो मेरो ।

आमाले भन्दै जानुभयो- यो घरमा भित्रेदेखिको सासुको सधैँको बुहार्तन, ससुराको टोकसो सहेर घर गरेर खाएँ । ६ छोरा र एक छोरी जन्माएँ । तँ काइलो, तँमाथिको एउटा रगतको तालीमा पर्‍यो । तिमीहरु पाँच दाजुभाइ, एउटी बहिनी सग्लै छौ । ठिमीलेको नोल जत्रो तिघ्रा बनाइदिएको छु, गरिखान सक्छौ अव ।

भाउजु बुहारीको कुरा सुनेर दाजुहरु बेला बेलामा आमासँग झर्कन्थे, आमा पनि के कम, तँलाई गुका लिड हो, आज मसँग झर्कीफर्की गर्ने ? भनेर गाली गर्नुहुन्थ्यो । यति भए पनि आमा त आमा नै हुन्, जतिसुकै रिसाए पनि पानीको फोकाजस्तो, आमाको मन त सन्तानै माथि हुनेरहेछ । मीठोपीठो जेहोस्, सबैले खाए खाएनन्, सँगै हुन्जेल विचार पुर्‍याइरहनुभो । आमाले खानु भयो कि भएन, आमालाई थकाइ लागेको छ कि, आमालाई के खान, लाउन मन छ, कुनै दाजुहरुले कहिले सोधेको मैले सुनिन ।

यसकारण त आमा हुने परिवार जस्तोसुकै संकटमा भए पनि गरीव हुँदैन । गरिव त हुर्केका, कमाउने-धमाउने हुकेका छोराहरु हुँदा रहेछन् ।

आमाले ढिँडो रोटी, गुन्द्रुक, भात, मकै भटमास, खोलेफाँडो जे ख्वाएर पनि छोराछोरीलाई हुर्काउनु भयो । तिनै आमालाई भाउजु बुहारी, दाजुहरुले दुर्वाच्य बोलेकोमा, मुखामुख गरेकोमा मलाई भने सधैँ नरमाइलो लाग्थ्यो । तर म सधैँ आमाको निकट रहेँ । आमाले भरोसा गर्ने म नै थिएँ । सधैँ मलाई पाल्ने काइलो हो भन्नुहुन्थ्यो । मामाघरको हजुरबा पनि मलाई राजन होइन, माजन भन्नुहुन्थ्यो ।

आमा भन्दै हुनुहुन्थ्यो- तिमीहरु ५ दाजुभाइ, एउटी बहिनी । बहिनी काखे थिई, तँ पनि ८ वर्षको थिइस् कि । तेरा बाउ बिते । घरेलुका पियन थिए, पेन्सन पनि नआउने, अव तिमीहरुलाई कसरी पाल्ने ? मलाई ठूलो पीर थियो । दुईचार रोपनी पाखोबारी, लगनको जग्गाधनी छिपालाई अन्न नै कूत बुझाउनु पर्ने । कीर्तिपुर कोट गुठीको ५ पाथी धानको बिउको खेत, त्यो पनि अन्न नै बुझाउनु पर्ने । बाँकी अन्नले वर्षभरि खान नपुग्ने । ज्याला पर्म जानैपर्‍यो, पानी पधेरो गर्नैपर्‍यो । ठूलो दुःखले हुर्काएँ तिमीहरुलाई ।

अहिलेजस्तो देशी मलको चलन थिएन, बालीनालीमा हाल्न कालीमाटी झिक्ने चलन थियो । कालीमाटीको खाल्डोमा पसेर कालिमाटी बोक्थेँ । गाउँका कतिजना कालिमाटीको खाल्डोमै पहिरो खसेर पुरिएका पनि थिए । म मर्न सकिन । गाउँका हर्के सुवेदारले ढुङ्गा, खाद्यान्नको व्यापार गर्थे, त्यहाँ पनि भारी बोक्न जान्थेँ । जसरी तसरी तिमीहरु सबैको खुट्टा टेकाएँ ।

ठूलो दाजु मकर पल्टनको सिपाही । माइलो इन्द्र काम नभएर कुन्नी कसको लहैलहैमा लागेर कलकत्तातिर भाग्यो । धेरैवर्ष हरायो । साहिँलो पुरुषोत्तम बिहानैदेखि जाँड खाने, काम केही नगर्ने, खानमात्र आउने । तँ पढ्दैथिइस्, साना भाइ बहिनी पढ्दै थिए । म एउटीको भारो पर्मले तिमीहरुलाई पाल्न साह्रै कठिन थियो ।

घरमुनीको भीराडिलछेउबाट मातातीर्थबाट टेकुसम्मको ट्रली चल्थ्यो । ट्रलीले ल्याएका सामान बोक्न जान्थेँ । श्री ३ भीम शमशेरले आफ्नो जयजयकार गरुन् भनेर १९८८ माा प्रजालाई रेल देखाइदिने र ५० पैसा पाथी चामल खुवाउने इच्छा भएर यो रेलसेवा सुरु गरेका रहेछन् । १. क्रमस...

# ठाकुरप्रसाद मैनालीका वातावरणीय मूर्तिहरू



**रमेश खनाल**
**कलाकार एवं कला समीक्षक**

एक अध्ययन : ऐतिहासिक रूपरेखा

☐ चित्रकला भन्दा मूर्तिकलाको उच्चता र वर्चस्व कायम छ ।

☐ प्राग ऐतिहसिक कालदेखि नै प्रतिमा निर्माण गर्न थालेका हुन् ।

☐ प्राचिन, लिच्छवि र मध्यकालमा सयौं देवदेवीका मूर्तिहरू निर्माण भएको छ ।

☐ काठ, ढुङ्गा, धातुबाट मूर्तिहरू बनाइन्थ्यो, अहिले पनि बनाइन्छ ।

☐ मल्लकालमा थुप्रै मूर्तिहरू बने ।

☐ ऐतिहासिक धरोहरका रूपमा पाटन दरबार स्क्वायर, भक्तपुर दरबार स्क्वायर, न्यातपोल मन्दिर, हनुमान ढोका परिसर, चाँगुनारायण मन्दिर, पशुपतिनाथको मन्दिर आदि देवालयहरूमा प्रस्तर, धातुबाट अनगिन्ति मूर्तिहरू बनाइएका छन् ।

पश्चिमी प्रभाव

☐ जंगबहादुर बेलायत यात्रापछि राणाहरूका घोडचढी मूर्तिहरू निर्माण गरियो ।

☐ टुँडिखेलका चार कुनामा, भद्रकालीको पूर्वपट्टि,सैनिक अड्डाको उत्तर पट्टिको कुनामा राणाहरूको घोडचढी मूर्तिहरू देख्न सकिन्छ ।

☐ उद्यानमा, दरबारको पंटागिनीमा, साजसज्जाको रूपमा नारी, बालक, विरयोद्धाहरूका मूर्तिहरू राखियो । केशरमहलभित्र र बाहिर त्यस्ता मूर्तिहरू हेर्न सकिन्छ ।

प्रजातन्त्रपछि नेपालमा

☐ राजाहरूका पूर्णकदका मूर्तिहरू ठाउँ ठाउँमा बनाइए । उदाहरण: सिंहदरबार अगाडी पृथ्वीनारायण शाह, तिनधारा पाठशाला अगाडी राजा महेन्द्र, विराटनगरमा राजा वीरेन्द्र, नेपालगंजमा राजा वीरेन्द्र, पोखरामा बडामहाराजा पृथ्वीनारायण शाह आदिका मूर्तिहरू नेपालका मूर्तिकारहरूलेबनाए ।

☐ कविहरूका मूर्ति पनि ठाउँ ठाउँमा बनाइयो ।

☐ राजनेताहरू वि.पि. कोइराला, गणेशमान सिंह, मदन भण्डारी, मनमोहन अधिकारी आदि ।

☐ केही राणाहरू र प्रतिष्ठित व्यक्तिहरूका अर्धवदका मूर्तिहरू पनि थुप्रै निर्माण भयो ।

☐ २०४६ सालपछि शहिदहरूको प्रशस्त मूर्तिहरू निर्माण भयो ।

आधुनिक मूर्तिकलाको प्रश्रय

☐ प्रचलित परम्परालाई तोडेर पूर्णतया आधुनिक मूर्ति बनाउने प्रथम श्रेय ठाकुरप्रसाद मैनालीलाई जान्छ ।

☐ २०१२ भारतको बरोदा विश्वविद्यालयमा मूर्तिकला अध्ययन ।

☐ एम.एस. युनिभर्सिटी बरोदाका प्राध्यापक युपिरावको चित्र र ठाकुर प्रसाद मैनालीको मूर्तिहरूको प्रर्दशनी, रोयल होटल, बहादुर भवन, २०१९ ।

☐ २०२३, भृकुटीमण्डप, ३५ फिट अग्लो आधुनिक 'निर्माण' मूर्ति हो ।

☐ ठाकुरप्रसाद मैनालीका आधुनिक मूर्तिहरू सरकारी, गैरसरकारी, बैंक, वित्तिय संस्थान, दुरसंचार, कृषि आयोजना, विद्युत प्राधिकरण, उद्यान अगाडी खुला आकाशमा ३० भन्दा बढी वातावरणीय मूर्तिहरू हेर्न पाइन्छ ।





मैनालीका मूर्तिगत विशेषता

☐ सिर्जनामा नारीलाई महत्व दिनु । नारीलाई महत्व दिएर बनाएको मूर्तिहरू : दीपेन्द्र सभागृह, पोखरा, दुरसंचार, अन्तराष्ट्रिय भू-उपग्रह केन्द्र, बलम्बु, काठमाडौं, शिवशक्ति, काठमाडौं, किर्तिपुर उद्यान, गौरीशंकर आदि नै ।

☐ पूर्वीय र पश्चिमी अभिव्यक्तिको समिश्रण हेर्न पाइन्छ ।

☐ सौन्दर्यात्मक आनन्द अनुभूतिको व्यापकता ।

☐ जीवन ज्योति, छाउनी

☐ ॐ, वीरेन्द्र अन्तराष्ट्रिय सम्मेलन केन्द्र, नयाँ वानेश्वर

☐ ॐ नमः शिवाय, बुद्ध गान्धी प्रतिष्ठान, लाजिम्पाट

☐ आस्था, वीरेन्द्र अन्तरराष्ट्रिय सम्मेलन केन्द्र । यो मूर्तिकला क्षेत्रमै अत्याधुनिक हो ।

☐ प्रकृति, सम्मेलन केन्द्र

☐ शिवशक्ति, जनकपुर

☐ दुर संचारको गति, चावहिल, दुरसंचार भवनको हाताभित्र

☐ गौरी शंकर, दीपेन्द्र सभागृह, प्रकाशको मन्दिर ।

मूर्ति निर्माण माध्यम

☐ मार्वल, चिप्स, कंक्रिट, सिमेन्ट, धातु ।

शैलिगत स्वरूप

☐ "निर्माण" चाहि मनुमेन्टल मूर्ति हो । कृषि, स्वास्थ्य, शिक्षा, शान्ति सुरक्षा, यातायात, रोपवे, न्याय, संस्कृति, राष्ट्रिय झण्डा, अर्ध अमूर्त र मानव आकृतियुक्त छन् । प्रत्येक आकृति तीन फिट अग्ला छन् । पारदर्शी खुलापन छ । ज्यामितिकल पिरामिड शैलीमा छ ।

☐ 'बुद्धि र बलको योग' नामक मूर्ति अर्ध यथार्थ शैलीमा छ ।

☐ 'कृषिका कार्यहरू' नामक मूर्तिहरू रिलिफ छन् । धातुबाट निर्माण इम्बोस प्रविधि छ ।

☐ 'शक्ति' फ्रण्टल अर्थात् अगाडी र पछाडी भाग मात्र छ ।

☐ 'कम्प्युटर मस्तिष्क' पूर्ण अमूर्त छ । प्वालबीच अन्तर सम्बन्ध । शुन्यता, शुन्यताभित्र अनन्तता र परिपूर्णता नै यसको विशेषता हुन् ।

यसरी उहाँका मूर्तिहरू प्रतिकात्मक, गतिशील लालित्यता, रेखात्मक आकर्षक सौन्दर्यमूलक, आदि छन् ।

कला प्रदर्शनी भाग

☐ स्वदेश, विदेशमा ३० पटक

मूर्ति निर्माण संस्था

☐ साना र ठूला गरि असंख्य मूर्तिहरू निर्माण गर्ने कलाकारको जति व्याख्या गरे पनि कमै हुन्छ ।

पुरस्कार

☐ नाफा प्रथम, २०३०, २०३१

☐ सर्वोत्तम पुरस्कार, अन्तरराष्ट्रिय कला प्रदर्शनी २०२६

☐ हरिवदन स्मृति पुरस्कार -भारत

☐ अन्य थुप्रै पुरस्कारहरू पदक

☐ वीरेन्द्र राष्ट्रिय कला स्वर्ण विख्यात त्रिशक्ति पट्ट (तृतीय) लगायत अन्य थुप्रै

सामाजिक सेवामा आवद्ध

☐ धेरै सामाजिक संस्थाहरूमा सकृय रूपमा रहनु भएको छ ।

☐ उपकुलपति, नेपाल ललित कला प्रज्ञा प्रतिष्ठान ।

# In the context of The Institutions of Monarchy in the World

By Rabi Raj Thapa , Biraj Bista, Ram Krishna Thapa and Uttam Karmacharya

*Ever since several years while writing article on Nationalism and Monarchism, I was highly interested to know about the status of the monarchism in the world developed and ruled in different names in different countries. In this context we four persons of editors ( Rabi Raj Thapa , Biraj Bista, Ram Krishna Thapa and Uttam Karmacharya) group have thought to develop a chapter in our first resource book of Rastriya Shakti Nepal Movement chaired by Keshar Bdr. Bista entitled —"Cosmopolitan —-Monarchism in the World in different names and status running to date ". Since then we were very excited to go through different medias (Google, Wikipedia and so on . Our one of the editorMr. Rabi Raj Thapa did a wonderful job to collect all in formation on the different types of government running in the world with special reference to Monarchism in different names . The editorial team members are very grateful to him for his expertise and international understanding entitled "The Institutions of Monarchy in the World-Monarchy is a form of government ruled by a monarch, or a polity with this form of government".*

History, culture and civilizations have long-lasting memory of the kings and monarchies in the world. It is commonly believed that - longer the rules, regulation, culture and civilization - better the system and rules. Belgium, Denmark, Luxembourg, the Netherlands, Norway, Spain and Sweden are fully democratic states with Christian kings as their head of the state. Liechtenstein and Monaco are constitutional monarchies in which the Prince retains many powers of an absolute monarch. Brunei, Oman and Saudi Arabia still have absolute monarchy. The United Arab Emirates and Qatar are classified as mixed monarchy, that means there are representative bodies of some kind, but the monarch retains most of their powers. Similarly, Bahrain, Jordan, Kuwait, Malaysia and Morocco are constitutional monarchies and they have retained more substantial powers than in European equivalents.

In Asia, Bhutan, Cambodia, Japan and Thailand have constitutional monarchies where the monarch has a limited or ceremonial role. Thailand changed from traditional absolute monarchy into a constitutional one in 1932, while Bhutan changed in 2008, Cambodia had its own monarchy after independence from the French Colonial Empire which was deposed by the Communist dictatorial rules of the Communist Party of Kampuchea (***Khmer Rouge***) and turned the monarchy into **Democratic Kampuchea** that killed one-third of its population within four years of its rule from 1975 to 1779. Now it is ruled by Hun Sang in an oligarchic dictatorial ruler. Nepal had different types of kings- sometime nominal, de-jury to sometime assertive democratic benevolent rulers since time immemorial.

In Nepal, there was a great conspiracy in 2008 to overthrow age-old historical tradition of Monarchy in Nepal. Actually, Nepal was only an "***Asali Hindustana***" as coined by the Unifier and the Great King (***Bada-maraja-Dhiraj) Prithivinarayan Shah*** that remained as the only one ***Hindu Rastra*** as only institutions of Hindu Symbolism among world's total global population after Christian[1] and Islam[2].

There can be no other reason for overthrowing Monarchy from Nepal except domestic and foreign conspiracy. Because, there are still many monarchs thriving and prospering than any other federal and other system of governments, there was no need to throw away Hindu Monarchy from Nepal.

As of 2025, there are around 44 or 23 percent out of the 195 sovereign nations in the world who have monarch with different names and titles based on their language as head of the state. Among them, there are 13 monarchic nations in Asia, 12 in Europe, 10 in North-America; 6 in Oceania and 3 in Africa.

**Classification of Monarchies in Today's Contemporary World**

Monarchies today are categorized as – absolute monarchy, parliamentary or constitutional monarchy, Monarch (King) of the Commonwealth Realm of Great Britain and federal monarchy as their head of state. Among them, there are 16 kingdoms ruled by kings and two ruled by women who bear the equivalent title of Queen Regnant.

## 1. CONSTITUTIONAL MONARCHIES OF THE WORLD

Constitutional monarchies are headed up by monarchs whose powers are constrained to some extent by a constitution. In many cases, the monarch's role is purely ceremonial. But they often exercise a great deal of influence.

## 2. MIXED MONARCHIES

Monarchs still retain a great deal of political power and authority. However, they are restrained to some degree by the constitution of their respective countries, they are:

**Morocco,**

| Country's Name | Origin | Continent |
|---|---|---|
| **Andorra:** Co-ruled by Bishop and the Ruler of France | Established in 1278 AD | **Micronesia** |
| **Belgium** | Established, 1831 | **Scandinavia Europe** |
| **Bhutan** | Established in 17th century by Dragon King | **South Asia** |
| **Cambodia** | Established in 68 CE | **South-East Asia** |
| **Denmark** | Established in Denmark by the legendary Viking King | **Europe** |
| **Japan** | Oldest Monarchy – Established in 660 BCE<br>126th Emperor Naruhito is ruling today | **Asia** |

[1] Countries with Christianity as an official religion: Argentina, America, Costa Rica, E; Salvador, Denmark (including Greenland and the Faroes), England, Dominican Republic, Georgia, Greece, Hungary, Island, Liechtenstein, Malta, Monaco, Norway, Samoa, Serbia, Tonga, Tuvalu, Vatican City, and Zambia.

[2] Countries with Islam as a state religion: Egypt, Jordan, Iraq, Kuwait, Algeria, Malaysia, Maldives, Morocco, Libya, Tunisia, United Arab Emirates, Somalia, is the official religion: Afghanistan, Azerbaijan, Bangladesh, Bahrain, Brunei, Jordan, Kuwait, Malaysia, Maldives, Syria, Tunisia, Turkey.

| | | |
|---|---|---|
| **Lesotho** | Established in 1822 | **Africa** |
| **Luxemburg** | Established in 1815 AD– it got its own monarch from Dutch Crown since 1912 | **Europe** |
| **Norway** | Established in 879 AD.<br>The Netherlands (1581) Established after a Silent Revolt against Spanish Habsburg Rule. | **Scandinavia Europe** |
| **Spain** | Established in 1400 AD by Isabel of Castile and Fernando of Aragon. Alfonzo the 13 forced out the country in 1931 and later reestablished monarchy by his grandson Juan Carlos after the Civil War in 1975. | **Europe** |
| **Sweden** | Began to take shape around 1000 AD (AI Overview) | **Scandinavia Europe** |
| **Thailand** | Established in 1238 by Kun Indraheet – (meant-Father-Ruler- the RAMA | **South-East Asia** |
| **The Netherlands** | Established in 1581 AD<br>Established after a Silent Revolt against Spanish Habsburg Rule. | **Europe** |
| **Tonga** | Established in 1845 AD | **Africa** |
| **The United Kingdom of the Great Britain** | The Kingdom of Great Britain was formed by the Acts of Union in 1707. It united the separate kingdoms of England and Scotland into single state. This cat created a new, unified parliamentary government and designated the new entity as "Great Britain". (AI) | |

Morocco was founded by Idris I, the great grandson of the Islamic Prophet Muhammad in 788.

**Liechtenstein**

Liechtenstein is a constitutional, heredity monarchy based on democratic and parliamentary principles. The monarchy was established in 1608 by Holy Roman Emperor Rudolph II by crowning Carl the First as the first ruler of Liechtenstein.

**Monaco**

In 1297 when Rainier the First conquered the Rock of Monaco and established the Grimaldi dynasty. The current prince is Albert II son of Reimier III.

**Bahrain**

The monarchy dates back to 1783 when Ahmed eben Muhammad invaded the island became its "Hukum"; a title which translates to 'A Judge'. Then he established a dynasty of *Khalifa*. In 1971, his nation declared independence from the British Empire and upgraded his title to "Emir". Then in 2002, *Emir (King) Hamad bin Isa Al Khalifa* declared himself the King of Bahrain.

**Jordan**

The ***Hasamite*** dynasty was ruling the ***Holy City of Mecca*** since the 10th century. In late 1910s, ***Abdullah*** played a key role in the Great Arab revolt that topple the ***Ottoman Empire*** and then he founded the Kingdom of Jordan in 1921. His grandson King Hussain played a very important role as interlocutor in Arab-Israel for many years. He died in 1989 and passed his throne to his son Abdulla the II who is also playing a pivotal role in the Middle East still today.

**Kuwait**

The monarchy of Kuwait was established in 1752 when Sabah the First was unanimously chosen as a leader. Since then the position of Emir has alternated between two main branches of Al-Sabah family – the current Emir Nawab Al-Hammed-al-Jabir Al-Sabah took the throne since September 2020.

## 3. FEDERAL MONARCHIES

In federal monarchies, heads of state are chosen from among the leaders of their constituent states. These are the federation of states with a single monarch as overall head of subsidiaries kingdom who maintain their own subnational monarchies concurrently.

Among the federal monarchies, the German Empire was to old one that was terminated after the World War I -1919. Concurrently, there are two federal monarchies in existence; i.e.:

**United Arab Emirates**

United Arab Emirates is a federation of seven emirates, with the President – usually the ruler of Abu Dhabi as the head of the state. Besides, each Emirates have their own absolute subnational monarch.

**Malaysia**

| | COMMONWEALTH REALMS | | | |
|---|---|---|---|---|
| 1 | Antigua & Barbuda* | | 9 | Lesotho |
| 2 | Australia* | | 10 | New Zealand |
| 3 | The Bahamas* | | 11 | Papua New Guinea* |
| 4 | Barbados *# | | 12 | Saint Kits & Nevis* |
| 5 | Belize* | | 13 | Saint Lucia* |
| 6 | Canada* | | 14 | Saint Vincent & the Grenada's* |
| 7 | Granada* | | 15 | Solomon Islands* |
| 8 | Jamaica* | | 16 | Tuvalu* |

# Barbados plans to leave the Commonwealth and became a republic by Nov. 2021.

A constitutional monarchy where the head of the state is *Yang-di-Pertuan Agong, who serves a five-year term chosen from the heads of the nine Malaysian states.*

## 4.THE UNITED KINGDOM AND COMMONWEALTH REALMS

The monarch with the most subjects and territory is King Charles, the Prince of Wales of the United Kingdom with 15 nations within its Commonwealth realms having a combined area of 18.7 million square kilometers and 151 million people.

The English absolute monarchy dates back to 925 A.D., which was curtailed by the '**Magna Carta**' imposed upon the king to sign that grossly limited king's absolute power to his barons. Subsequently, civilian authority brought down the monarchy and deposed the King in 1649 and then the same authorities reinstated king's son to the throne in 1660. Today, the Monarch of the United Kingdom is also ***de-jury*** monarch of the Commonwealth Realms. At present, there are 16 Commonwealth Realms countries who still see the British Crown as their figure head as given in the table below:

### The King of Saudi Arabia

Saudi Arabian monarchy was established in 1902 when tribal leader, Abdelaziza conquered that area. The title sultan has been previously used, but now king is more common to emphasize ruler's secular power. The current king is Suleman who began his reign in 2015. The succession is hereditary and elective. Princess are nominated by the King and approved by the allegiance counsel. The current crown-prince, and heir apparent is Muhammad bin Salem, the seventh son of the king. These are the only national level monarchies, but there are 2000 subnational monarchies, which reign just over part of a single nation, and there are hundreds of additional traditional monarchies. These may or may not be recognized by the state, but they have historic significance and often hold a great deal of influence with their people and sometimes with the government.

**(Footnotes)**

[1] Countries with Christianity as an official religion: Argentina, America, Costa Rica, E; Salvador, Denmark (including Greenland and the Faroes), England, Dominican Republic, Georgia, Greece, Hungary, Island, Liechtenstein, Malta, Monaco, Norway, Samoa, Serbia, Tonga, Tuvalu, Vatican City, and Zambia.

[2] Countries with Islam as a state religion: Egypt, Jordan, Iraq, Kuwait, Algeria, Malaysia, Maldives, Morocco, Libya, Tunisia, United Arab Emirates, Somalia, is the official religion: Afghanistan, Azerbaijan, Bangladesh, Bahrain, Brunei, Jordan, Kuwait, Malaysia, Maldives, Syria, Tunisia, Turkey.





# इतिहासमा रानीपछि रानीपर्व



डा. शास्त्रदत्त पन्त

*इतिहासका राजनीतिक घटनाक्रम..*

राजेन्द्र विक्रम शाहका दुई रानी जेठी साम्राज्य लक्ष्मी देवी र कान्छी राज्यलक्ष्मी देवी । जेठीको प्रभाव बढेका वाला थापा वंशको शासनो समाप्त र कान्छीको बढेको बेला पाण्डे वंशको सत्यानास । आ-आफ्ना छोरा राजा बनाउने धुनमा । प्र.म. माथवर सिंह थापाको उपासुबध र कोत पर्व हुन्छ । शासन वंशज रुपमा राणाको हातमा जान्छ । (१९०३-२००७)

राजमाता राजेन्द्र लक्ष्मीले आफ्नी सासुको गुरु पुत्र ब्रजनाथ पौडेललाई चारपाटा मुडेर देश निकाला गराइन् ।

राजाको मृत्युपछि रानीको अनुरोधमा काठमाण्डु आउन लागेका बहादुर शाहलाई पुनः बाटोमै रोकिराखेका उनलाई रानीले एउटा धर्म पत्र कागजमा सही गराएर मात्र राजधानी छिर्न दिने गरी उनलाई लिन बाहुन नानीलाई लिन पठाउँदछिन् ।

'इष्ट र इष्ट देवता नबेच्नु' भन्ने बाबु बाजेको उक्ति मनन् गरेर उनले धर्म पत्रमा सही गरेनन् । आफूले केही न बिराएको कारण पनि धर्म मान्नु पर्ने ठानेनन् ।

राजेन्द्र लक्ष्मीको नायकत्वमा ब्रजनाथ पौडेलले महारानीको ज्यान लिने उद्योग गरेको आरोपमा मुडेर देश निकाला गरिन्छ । परशुराम थापालाई नेल गलफन्दी सहित जेल हालिन्छ । प्रताप सिंहको मृत्युको १ महिनापछि मैज्यू रानीलाई सती बनाएर जलाइन्छ । जेठा चौतारिया महोदाम कीर्ति र कान्छा चौतारिया दलमर्दन शाहलाई "काशी वास" पठाइन्छ ।

महोदाम कीर्तिका छोरा बलभद्र शाह र कृष्ण शाहलाई दरबारमा बोलाइन्छ ।

केही दिन पछि पजनी र मान पद दिने बेला आउँदछ । त्यसमा देवर भाउज्यूको मनमुटाव हुन्छ । बहादुर शाहले पिताको नेपाल एकिकरणको सपना पूरा गर्ने पक्षमा रहन्छन् भने राजेन्द्र लक्ष्मीप्रताप सिंहकै मोजमस्ती चाहन्थिन । राज्य विस्तारमा खर्च हुने र खर्च भएपछि मस्ती गर्न नपाइने भएबाट उनले राज्यविस्तारको विपक्षमा रहन्छिन् ।

सोभा मगरकाजीलाई हातमा लिएर बहादुर शाहलाई नजरबन्दमा राख्छिन् । सर्वजित राना र वर्षाजित पाण्डेलाई मूल र दोश्रा काजीमा नियुक्त गर्दछिन् ।

राज्यलक्ष्मीले तरवार भिरेर, पर्दा हटाएर, हाती र छोरा चढेर दायाँबायाँ पर्दा उतारेका घोड चढी केटी अङ्गरक्षक धाई सुसारे राखिहिड्ने कुरा गुरु गजराज मिश्रलाई मन पर्दैन । उनले हरेक प्रयत्न गरेर बहादुर शाहलाई नजरबन्द मुक्त गर्दछन् । काजी सर्वजित राजासँग रानी पल्केकी छन् भन्ने हल्ला चल्दछ । हल्ला नराम्ररी फैलिएपछि बहादुर शाहले वि.सं. १८३५ मा श्री हर्ष पन्त र दलजित शाहको मद्दत लिएर दरबारभित्रै थुनेर राख्दछन् । काजी सर्वजित राना र उनका रक्षकलाई समातेर कुमारी घरको पिढीमा लगेर मध्यरातमा काटिदिन्छन् । वि.सं. १८३५ भाद्रमा भएको यस घटनापछि नायकत्व बहादुर शाहले लिन्छन् । बहादुर शाहले १० महिनासम्म जाचोपाजो मिलाएर नेपाल एकिकरण अभियानमा जुट्छन् । तर रानीले देश निकाला गरिएका ब्रजनाथ र बुढा चौतारियालाई झिकाउँदछिन् । चौतारिया आउँदछन्, ब्रजनाथ आउँदैनन् । छलपूर्ण आफू निर्दोष सावित भएपछि विधवा रानीले फेरि शासनभार समाल्छिन् । विपक्षीलाई वेमाख गर्दछिन् । दलजित शाहलाई देश निकाला गर्दछिन् । धने खवास र बलभद्र खवासलाई हातीका पथरले कुचाएर मारिन्छ । गौरीकान्त र कोट सिंहलाई सुलीमा हालेर मार्न लगाउँदछिन् । बहादुर शाहका सहयोगी श्रीहर्ष पन्तलाई गालामा डामेर देश निकाला गर्दछिन् । मर्स्याङ्दी पारी लखेट्दछिन् । बहादुर शाह गोरखा दरबारबाटै विदेसिन्छन् ।

रानीले चौतारिया बलभद्र शाहलाई हात लिन्छिन् । सर्वजित राना र देवदत्त थापालाई काजी बनाउँदछिन् ।

एक दिन चौतारिया बलभद्र शाहले आफूलाई स्वस्ती गर्ने एक जना ब्राम्हणलाई नराम्ररी शासना दिन्छन् । त्यस ताडनाले उनको मृत्यु हुन्छ । त्यहीकारण दरवारमा ब्रम्हहत्याको पापको कचरी बस्दछ । रानीले चौतारियालाई देश निकाला गर्दछिन्, उनी पुन, काशीवास जान्छन् । काशीमै बसेका गुणराज मिश्रलाई पनि बहादुर शाह पक्षधर भनेर पदच्युत गर्दछिन् । उनको काम बज्रनाथ पौडेललाई दिन्छिन् । रानीको वाक्क लाग्दो व्यवहार देखेर काजी वंशराज पाण्डे बेतिया गएर बस्दछन् भने सरदार शिव नारायण खत्री पट्नामा गएर बस्दछन् ।

राजा प्रतापसिंह शाहलाई तन्त्रमन्त्र गरेर अल्पायुमै मारेको आरोपमा एक हुल आचार्यलाई इन्द्रायणी स्थान नेर महारानीले काट्न लगाउँदछिन् ।

विदेशी

नेपालको गृहकलहले वागी भएर इण्डियातिर बस्ने नेपालीलाई कम्पनी सरकारले आफ्नो स्वार्थ पट्याउनु हातलिदै जान्छ । पृथ्वी नारायण शाहले निकालेका इशाई धर्म प्रचारक पादरीहरु पनि बेतियामै बसेर नेपालविरुद्ध कम्पनी सरकारलाई सहयोग गर्दछन् । दिगवन्त सेनाका छोरा मध्ये जेलबाट भागेका भूवर सेन १८३७ मा बेतिया गएर बस्दछन् । कम्पनी सरकारले उनलाई दुई गाउँ विर्ता दिएर धर्म पुत्रका रुपमा पाल्दछन् ।

नेपालले भूवर सिंहलाई सुपुर्दगी माग्दछ । कम्पनी सरकारले उसका हात्ती लुट्ने पनि हात्ती हेर्ने सुब्बा फौदसिंहको पनि जागिर खोस्ने प्रस्ताव राख्दछ ।

विजयपुरबाट भागेर गएका त्यहाँका पूर्व राजा कर्ण सेन पनि कम्पनी सरकारको आश्रय लिएर बसेका हुन्छन् । कर्ण सेनले कम्पनी सरकारले राज्यसत्ता फकाई दिए १० आदा सिर्दो तिने र आफूले ६ आना मात्र खाने र कम्पनी सरकारको अधिनस्त स्वीकार्ने प्रस्तावमा लागेको पाइन्छ । उनको मृत्युपछि अर्की रानी छोराको नाममा निरन्तरता लिन लाग्दछिन तर छोराको पनि मृत्यु भएकाले पाल्पाली राजकुमार ध्वजवन्तसेनलाई धर्म पुत्र बनाएर ६ आना उद्योगमा लागिरहन्छिन् । स्वरुप सिंह कार्की वर्षिये ३ लाख सिर्तो तिरेर राज्य फिर्ता गर्ने काममा लाग्दछन् ।

कर्ण सेनकी रानीले मठ्या छोरा रिजुमर्दन सेनलाई यही उद्योगमा लगाउँदछिन् । स्वरुप सिंह कम्पनी सरकारको सरणमा जान्छन् ।

हात्ती लुटालुट कापडमा भ्युँकुवर र गंगाराम थापालाई नेपालले कम्पनी सरकारलाई र कम्पनी सरकारले काजी स्वरुप सिंह कार्कीलाई सुपुर्दगी गर्न सहमत हुन्छन् । काजे स्वरुप सिंह कार्की पहिलेका पदमा बहाली गराइएपछि देशभक्त पुरानाकाजी कालु पाण्डेका छोरा वंशराज पाण्डे दरबारकै छिडि कोठामा काटेर मारिन्छन् । क्षयरोग पीडित राजेन्द्र लक्ष्मीले बहादुर शाहलाई आफ्ना विरोधी ठहऱ्याई फर्पिङस्थित किल्लामा लगेर नजरवन्द गर्दछिन् । वि.सं. १८४२ मा रानीको मृत्यु हुन्छ । उनको मृत्युपछि बागडोर बहादुर शाहका हातमा आउँदछ । राज्य विस्तारमा लाग्दछन् ।

राज्य विस्तार विरोधी खेमाका सर्वजित राना र स्वरुप सिंह कार्की युद्धको शिलशिलामा पोखरामा मारिन्छन् ।

रानी पर्व (रानी पछि रानी पर्व)

वि.सं. १८४२ देखि अर्थात राजेन्द्र लक्ष्मीको मृत्युपछि श्री ५ रणबहादुर शाहको नायवी बहादुर शाहले लिन्छन् ।

काण्ड, काण्डैकाण्ड

बहादुर शाहले राजकाज रणबहादुरलाई सुम्पेर शान्तसँग बसेको भए पनि अकारण रणबहादुरले काका बहादुर शाहलाई दरबारबाट निकालिदिन्छन् । उनी बसेको ठाउँमा भाइलाई बस्न लगाउँदछन् । त्यसले बहादुर शाहको चित्त दुख्दछ । अनि आफैले सदावर्तको लागि पशुपतिमा बनाएको सत्तलमा गएर बस्दछन् ।

नेपाललाई दोब्बर तेब्बर भन्दा बढि राज्य विस्तार गर्दा लाग्ने खर्चको अनुमानमै नगरी बढी खर्च गरेको आरोपमा बेइज्जत गर्न थाल्दछन् । मिलेर बसेका भारदारबीच वैमनष्यता बढ्छ । गुट र फूट सुरु हुन्छ ।

उनको पहिलो विवाह १४ वर्षको हुँदा राज राजेश्वरीसँग भएको हुन्छ । उनीतिर एउटी छोरी मात्र जन्मन्छिन् । दोश्रो विवाह सुवर्ण प्रभासँग हुन्छ । उनीतिर २ जना छोरा जन्मन्छन् । जेठा रणोधोत शाह र कान्छा शमरशेर शाह हुन्छन् ।

रणबहादुर यस्ता पनि राजा हुन्छन्

कुवेसनी प्रताप सिंहका जेठा छोरा कुपुत्रका रुपमा नेपालको इतिहासमा चर्चित छ । उनमा विवेक शून्य, बुद्धि शुन्य, ज्ञान शुन्य र सर्वशून्य अवस्था रहेको पाइन्छ । अचेतन अवस्थाको समाज रहेका अवस्थामा आम जनताले कुनै चासो र चिन्ता प्रकट नगर्ने भएकाले उनको उद्दण्डता रोक्ने चासो आम जनाले गर्न सकेन, खोजेन ।

त्यत्रो विशाल नेपाल बनाउने, नेपालको शासन सुधार्ने, राष्ट्लाई समुन्नत बनाउने र भाइभारदारलाई मिलाएर राख्ने प्रखर राष्ट्रभक्त बहादुर शाहलाई कदर, सम्मान र प्रतिष्ठा बढाउने कामत कता हो कता बरु त्यसो गरेर मोज गर्न चाहे जति सम्पत्ति नपाएको कारण निकाला गर्नु, दण्ड दिन जस्तो अराजनीतिक काम कहिंकहिल्यै नहुने काम उनले गरेका छन् ।

बाबुले भैं नयाँ नयाँ केटी भित्र्याउने उनको पहिलो चासो हुन्छ । भेडा, साडे, कुखुरा, बहाइ जस्ता पशुपंक्षी जम्मा गरेर जुधाउने र त्यसबाट मज्जा लिने, पीडावाद स्याडिज्य उनको आर्को दिन चर्या हुन्छ । टाढा टाढाबाट यस्ता पशुपंक्षी जम्मा गर्ने, तिनलाई मस्तसँग खुवाउने र तिनको रेखदेख गर्न वैद्यहरु र गोठालाहरु जम्मा गर्नु उनको राष्ट्रिय शासन सञ्चालनको पद्धति हुन्छ ।

उनको तेश्रो कार्य रङ्गशालामा नाच गान गराएर त्यसैमा लल्ठ पर्नु हुन्छ । त्यहाँ नाच्ने र गाउने देश देशावरबाट झिकाउँदथे ।

# बंगलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनालाई मृत्युदण्ड किन ?



सुरेशकुमार पाण्डे

हुन त सबै खाले भ्रष्टाचारिहरूलाई सख्त कार्वाई हुनैपर्छ तर मेरो विचारमा जीवननै हरण गर्ने निर्णय भने मानव समाजको लागि ठिक होइन ।

यद्यपि जहिले पनि मानिसहरू सत्ताको स्वार्थमा ज्यान लिने र दिने गर्दै आएकाछन् । यो राजनीतिमा नयाँ कुरा होइन त्यो खास गरेरबंगलादेश, पाकिस्तान, अफगानिस्तान लगियतका कयौं देशहरूमा यस्ता घट्नाहरू लगातार हुँदै आएका छन् ।

केही दिन पहिले शेख हसिनालाई ढाकाको एउटा इंटरनेशनल क्राईम्स ट्रिब्यूनलले हत्याको लागि उक्साउने र हत्याको आदेश दिने गरेको आरोपमा उनलाई मृत्युदण्डको सजाय दिएको हो । भने अरू शेष मामिलामा उन्लाई उमकैदको सजाय पनि सुनाएको छ । ट्रिब्यूनलले उनलाई पाँच मामिलामा आरोपि बनाएको थियो ।

ट्रिब्यूनलले शेख हसीनाको जुलाई २०२४को विद्यार्थि आन्दोलनको दौरन भएको हत्याका मास्टरमाइंड भनिन्छ ।त्यहीं आर्का आरोपित पूर्व गृहमन्त्री असदुज्जमान खानलाई पनि हत्याको दोशी मानियो र उसलाई फाँसिको सफाए सुनायो ।सफाएको ऐलान हुदावित्तिकै बाँगलादेशले भारत सङ्ग शेख हसिनालाई फिर्ता पठाउन माग पनि गरेको छ ।उनि त्यहाँको विद्रो पछि भारतमा आएर सरण लिएकी छन् ।

त्यहाँ पनि शेख हसिनाको नेपालमा जस्तै एक्कासी सत्ता ढलेको थियो र ज्यान जोगाउन उनि भारत पुगेकी थिइन् ।

तेस्रो आरोपि पूर्व आई जी पि अब्दुला अल ममूनलाई ५ सालको जेल सजाये सुनायो ।ममून हिरासतमा छ र त्यो सरकारी गवाह बनि सकेको छ ।

कोर्टले हसिना र असदुज्जामान कमाल को प्रोपटी जफत गर्ने आदेश दियो । फैसला पछि बाँग्लादेशको अन्तरीम पिएम मोहम्मद यूनुसले भारतसङ्ग हसिनालाई डिपार्ट गर्ने भनेका छन् । यसरी हरकसैले पनि अहिलेको अवस्थामा तानाशाही प्रवृतिबाट आफूलाई वा आफ्नो सत्ता जोगाउन असम्भव देखिन्छ ।उनको राजनीतिक यात्रा लामो छ र पनि त्यसको अन्त्य दुखान्त हुने निश्चित देखिन्छ ।

दुनियाँका शासकहरू देश र जनताको हित विपरित कसैले गर्यो भने त्यो लामो समयसम्म बच्न गारो छ । यिनीहरू सबैको भ्रष्टाचार छचल्किएर नै यो दुरगती भएको हो ।

राजनैतिक आन्दोलनलाई पनि द्वन्दात्मक कसिबाट जोखेर नेताहरू दुर्दशी बन्पुर्छ ।समयले सबैलाई यही यथार्त ज्ञान दिएको हुन्छ । समयमै त्यो कुरा नबुझे उनिहरूको दुखान्त अन्त्य हुन्छ ।

तर कतिपय अवस्थामा कसैले गलत नगर्दा पनि कुनै आरोपमा ज्यान गुमाएका पनि छन् । अहिलेको अवस्था भनेको साम्राज्यवादी चलखेल र आतङ्क बढेको अवस्था पनि हो ।

उसले खास गरेर अमेरिकी साम्राज्यवादले विश्वमै आफ्नो हैकम जमाउन खोजिरहेको छ । जतिबेलासम्म उसले आफ्नो स्वार्थ पुरा गराउन सक्छ त्यो बेलासम्म उसलाई आफ्नो मोहराको रूपमा नचाईरहेको हुन्छ । आफ्नो स्वार्थ पुरा भएपछि त्यसैलाई आफ्नो निशानामा राख्छ । जस्तै कुनैपनि विषयलाई लिएर भएको गृहयुद्धलाई अराजक बनाईदिएर त्यहाँको सरकार माथि आफ्नो निशान साध्ने भयानक षड्यन्त्र गर्दै आएको छ ।यसका कयौं उधारणहरू छन्, इरान इराक,अफगान, सिरिया लगायतका कयौं देशहरू कुनै न कुनै बहानामा ध्वस्त पारेको विगतकको इतिहास छर्लङ्गै छ ।

बाँग्लादेशमा पनि कतै न कतै अमेरिकी साम्राज्यवादको हात हुनपनि सक्छ ।

नेपालमा एमसीसीको माध्यायमबाट उसले थुप्रै उसको योजना हात पार्ने दाउमा छ । त्यो भन्दा पनि उस्को मुख्य उदेश्य भनेको चीनलाई घेर्ने नै हो । अहिले अमेरिकाका लागि सबैभन्दा मुख्य दुश्मन चीन नै भएको छ । त्यसले गर्दा पनि नेपाल अमेरकी साम्राज्यवादको नजरमा छ ।यस्तो देशको भिषण परिस्थितिमा पनि नेपालका राजनैतिक पार्टीहरू सचेत भएको देखिदैनन् ।

हाम्रो देश चीन र भारतको बिचमा रहेको स्वतन्त्र देश हो ।तर देशलाई आत्मनिर्भर गराउने कुनै बलियो र प्रभावशाली विजन कुनैपनि नेतामा छैन् । एकले आर्कोलाई नयाउने र आफैलाई सर्वेसर्वा ठान्ने मनस्थिति भएका नेताहरूले गर्दा देश थला परेको हो ।

देश विकासका लागि आपसमा मिलेर मैत्रिपूर्ण छलफल गरेको भए देशको समश्य समाधान हुनेथियो ।तर त्यस्तो विवेकको त यो देशमा अनिकाल नै भयो ।

हामी नागरिकहरूलाई नेताहरूले पार्टीको नाममा बिभाजित गरे । यो देशको हितमा तिनको व्यवहार नहुदापनि हामीले उनिहरूको चाल बुझ्न सकेनौं वा बुझ्नै चाहेनौं ? तर आपसमा एउटै बर्गका मानिसहरू उल्फिने लड्ने व्यवहारले देशलाई खरानी पार्ने छ ।

साम्राज्यवादीहरू फुटाएर राज गर्ने प्रयास गर्दछन् । उनिहरूको चाल नबुझेर नै कयौंले दु:खपाएका हुनसक्छौं ।

अहिले जरेनेसन-जीलाई उक्साएर देशमा ध्वांस्मक कृयाकलापबाट बनेको अन्तरिम सरकारले गर्दै आएको व्यवहार न नियम कानुन सम्मत छ न संविधान सम्मत छ । आखिर उनिहरू कसको इसारामा चलिरहेका छन् ? त्यसबारेमा नागरिक समाज आम जनताताले के बुझ्ने ? रातिमा सुतेको बेला गिरफ्तार गरिन्छ ।कुनै नागरिकको बिछौना समेत असुरक्षित भएको छ । आखिर देशलाई किन पटक पटक गृहयुद्ध तर्फ ढेकल्दै छन् ? यो जान्ने आम नागरिको नैसङ्गिक अधिकार हो ।उनिहरूबाट यो अधिकार खोस्ने प्रयत्न हुदैआएको देखिन्छ ।

अहिले देशलाई पराधिन बनाउने प्रयासले देशमा फेरी पनि गृहयुद्धको आसङ्का बनेको छ । हाम्रो देशका नागरिकहरू कुनै कालखण्डमा पनि पराधिन भएर बाँच्न मानेन् । हाम्रा पूर्वजहरूले आफ्नो प्राण दिएर देशलाई आर्काको गुलाम हुनबाट जोगाउँदै आएको कुरा कसैबाट पनि लुकेको छैन । अहिले देशलाई पराधिन तर्फ डोराउने आई एनजीको शड्यन्त्रलाई पनि जनताले बुझेका छन् ।उनिहरूको यस्तो व्यवहारले देश भविश्यमा फेरी गृहयुद्धमा जाने खतरा बढ्दै आएको छ ।

साम्राज्यवादी शक्तिले ससाना देशलाई बिभिन्न बहानामा आफ्नो पोल्टामा पारेर त्यहाँ कटपुतली सरकार बनाउने प्रयास गर्दै आएको छ ।अहिले बंगलादेशमा पनि त्यहाँको व्यवस्थाको तख्ता पलट र त्यसपछिको त्यहाँको अवस्थाले त्यही प्रकारको संदेश दिएको छ । अहिले शेख हसिनालाई मृत्युदण्डको सजाय सुनाएको र भारतबाट फिर्ता गर्न माग गरेको छ । भारतले जोगाउने प्रयास त गरेको छैन्छ, यसबारेमा समयले प्रष्ट पार्नेनै छ ।

बंगला देश र शेख हसिनाको बारेमा थोरै जानकारी दिंदा असानदर्भिक नहोला ।

भारतबाट सन् १९४७ मा टुक्रिएको पाकिस्तानको पूर्वी क्षेत्र सन् १९७१मा पाकिस्तानबाट टुक्रिएर अस्तित्वमा आएको बंगलादेश सन् १९७५ मा सैनिक साशनको कब्जामा परेको थियो ।अगस्त १५ कै दिन शेख हसिनाका बाजेदका पिता मुजिबर रहमानको सपरिवारको हत्या भएको थियो । त्यो बेला शेख हसिना र उनकी बहिनी जर्मनी भएकाले जीवित बचेका हुन् ।

यसरी सन् १९७५ बाट सन् १९९० सम्म त्यहाँको अवस्था भयभाव बन्यो । पछि १९९१को पहिलो आमा निर्वाचनले बेगम खालिदा जिया बंगलादेशकी पहिली जननिर्वाचित प्रधानमन्त्री बनिन् । तेस्रोमा कुनैपनि पार्टीलाई सम्पष्ट बहुमत नमिलेपछि शेख हसिना देशको प्रधानमन्त्री नियुक्त गरियो । उनी विश्वकी प्रभावशाली महिला मध्य २६औं स्थानमा थिइन र पछि ३० मा परिन २०१६ मा पनि चौथो पटक विजयी भएकी हुन । उनको पिता बंगलादेशका संस्थापक समेत हुन् । यसरी उनको लामू राजनैतिक अनुभव सङ्लालेको इतिहास पनि छ । थुप्रै राम्रा र नराम्रा कृयाकलापहरू भएका होलान ।आन्दोल भएको बेला दुश्मनहरूले आफ्नो स्वार्थ पुरा गर्न आन्दोलनमा आआफ्ना एजेन्टहरू घुसाएका हुन्छन् । जसको स्वायम सात्ताशिन साशकहरूलाई पनि जानकारी नहुन सक्छ । हाम्रै देशमा जेन्जीहरूको आन्दोलनको बेलामा जसरी रक्तपात भयो त्यसको बारेमा स्वायम प्रधानमन्त्रीले थाहा छैन भन्छन् । यद्यपि त्यो बेला उनी मौजुद छन् ।

यसरी उनिहरू निर्दोष त पक्कै पनि छैनन् किन भने सबै समश्याहरू मौजुदा सरकार पक्षले नै जन्माएको हुन्छ । त्यसकारण उनिहरू दोश मुक्त हुनैसक्दैनन् तर पनि उनिहरू देशद्रोही वा देशका दुश्मन होइनन् । मरेपछि सालिक बनाएर पुज्नु भन्दा उनिहरूलाई जीवनभरि कजाउने, त्यसबाट उनलाई सजाय मिल्न पनि सक्छ र जीवन पनि जोगिएको हुन्छ ।



(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४




## अन्तिम पातो - शाश्वत शर्मा

# निकास खोज्न गोलमेच सम्मेलन

चर्चाको शिखरमा छ, जेनजी आन्दोलन, जेनजी सरकार र बिध्वंशपछि पनि उही पुरानै चाला, पुरानै कुशासन ।

चर्चाको शिखरमा छ, फागुन २१ गते चुनाव हुन्छ कि हुन्न ? चुनावमा राजनीतिक दलहरु सहभागी हुन्छन् कि हुँदैनन् ? चुनाव हुन्छ कि हिंसा, चुनाव हुन्छ कि अराजकता बढ्छ, गृहयुद्ध त चर्कदैन ? सैनिक शासन त आउँदैन ?

चर्चाको शिखरमा छ, संसद पुनर्स्थापना हुने हो कि ? भयो भने कांग्रेसका देउवा प्रधानमन्त्री बन्लान्, जेनजी र एमालेले कुन प्रकारको आक्रोश देखाउलान् ?

चर्चाको शिखरमा छ, बंगलादेशकी पूर्व प्रधानमन्त्री जो भारतमा भागेकी छिन्, उनलाई विद्यार्थीमाथि दमन र हत्या गरेकोमा मृत्युदण्डको सजाय सुनाइएको छ । नेपालका तत्कालीन प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखक पक्राउ पर्लान् कि कतै जन्मकैदको सजाय त नहोला ? के होला के होला ?

चर्चाको शिखरमा छ, अनेक भ्रष्टाचारको छानबिन होला कि नहोला ? कार्की आयोगले कस्तो निष्कर्ष निकाल्ला ? ०४६ वा ०६३ पछिका भ्रष्टाचारीहरुमाथि कारवाहीको सिफारिस होला कि ? सिधै दण्ड सजायको निर्णय होला ?

चर्चा सुशीला कार्की सरकार ढल्ने पनि छ। चर्चा राष्ट्रपतिले यो सरकार अपदस्त गरेर संसद पुनर्स्थापना गर्ने, नयाँ सरकार बनाउने पनि छ ।

चर्चाको शिखरमा छ, चुनाव भए प्रत्यक्ष निर्वाचित सरकार प्रमुखको होला र ?

चर्चाको शिखरमा छ, के होला, के नहोला ? अनिश्चितताले कहाँ पुऱ्याउला ?

चर्चा अनेक छन्, चचाअहिले फेरि चर्चामा छन् एमाले नेता महेश बस्नेत ।

राजनीतिक दलहरु वाईसीएल, युथ फोर्स, भातृ संगठनबाट घेरिएर गर्जन गरिरहेका छन् । जेनजी पुस्ताले जुन बिद्रोह गरे, त्यसलाई आतंककारी घटना सावित गर्न लागिपरेका छन् । जेनजी पुस्ता गुट गुटमा बिभाजित भएर एकदोस्रालाई गलत सावित गर्न लागिपरेका छन् । यही गूट र फूटका कारणले सुशासन र भ्रष्टाचारको अन्तको जेनजी माग हराएको छ । जसले स्थापित भ्रष्टाचारीहरुलाई नयाँ अवसर मिलेको छ, अवसरको भरपूर उपयोग गरेर गुमेको सत्ता हासिल गर्न अग्रसर छन् ।

संघीयता खारेज हुने कुरा छैन, जेनजी पुस्ताले दिएको बलिदान खेर जाँदैछ, राजनीतिक दलहरु यो दुरावस्थाको जिम्मेवारी लिन कोही तैयार छैनन् । २०४६ सालपछिको कालरात्रि, २०६३ सालपछिको राजनीतिको अपराधिकरण झन झन जब्बर भएर पुनरोदय हुने खतरा बढेको छ। जुन असन्तोष देशव्यापी थियो, आक्रोश आन्दोलन र बिध्वंशको रुपमा बिस्फोटन भएको थियो, ती सबै घटनाक्रम उपलब्धिहीन हुनेतिर राजनीतिले कोर्ष लिन थाल्नु देशको दुर्भाग्य हो ।

नेपोटिजमको खुब बिरोध भयो । नेपाबेबीइजमको बिरोध पनि भयो । जेनजीको आन्दोलनपछि बनेको सरकारको गतिमति पनि यही प्रवृत्तिको देखियो । होला, नेपाललाई अस्थिरतामा धकेलेर भूराजनीतिको लाभ लिन विश्वशक्ति नेपालमा चलखेल गरिरहेका होलान् । यसमा कमजोरी राजनीतिक नेतृत्वकै छ । कूटनीतिक असक्षमताकै छ । दोष अरुलाई होइन, नेपाली नेताले आफैमा खोज्नुपर्छ । दोष सफा गर्न र बिग्रेको स्थितिलाई सुधार्न पनि नेताहरु नै लाग्नुपर्छ । किन कुशासन भयो, राजनीतिक चुक ठिकठाक पान र प्रशासन ठोकठाक पार्न फेरि पनि राजनीतिक बर्ग नै सच्चिनुपर्छ । विवेकको खाँचो छ, विवेकले स्वराज बचाउन सकिन्छ ।

विश्लेषकका अनुसार राजनीति गर्नेहरु व्यापारी बन्नाले कूशासन बढेको हो । विधिको शासन खण्डित हुनपुगेको हो । शासन दलहरुले नै गर्ने हो, प्रजातन्त्र मर्न सक्दैन । शासनमा कूशासन र प्रजातन्त्रको चिर हरण नेताहरुले नै गरेका हुन् । मुलुकमा ढिलोचाँडो निर्वाचन गर्नैपर्छ, फरक यत्ति हो, डामिएका नेताहरु पन्छिनुपर्छ । गृहयुद्धलाई रोक्नका लागि पनि राजनीतिमा इमान स्थापित हुनैपर्छ । अब पनि भ्रष्टाचार गर्ने र अपराधिक तरिकाले जनतालाई तर्साएर र मासुभात तेर्स्याएर चुनाव जित्ने महगो प्रणालीमा सुधार ल्याउनैपर्छ । चुनाव सस्तो र सुलभ, स्वच्छ कसरी बनाउन सकिन्छ भनेर विषद छलफलको आवश्यकता छ ।

नेपाली कांग्रेस भित्र गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताका बारेमा पूर्वविचार जरूरी छ भनेर कुरा उठिरहेको छ । अभिभावकीय दायित्व निर्वहन गर्न राजतन्त्र चाहिने रहेछ भन्ने अडानमा राजतन्त्र नमान्नेहरु पनि उभिन थालेका छन् । जेनजीले आन्दोलन गर्दा आत्तिएका कम्युनिष्ट, कांग्रेसहरुले राजतन्त्रका प्रस्ताव लिएर पूर्वराजाकोमा सूचना पठाएकै हुन् । पूर्वराजाले राजनीतिक समर्थनको निश्चितता खोजेपछि स्थितिले यू टर्न लिएको थियो । यो संविधानले देशमा बर्बादीमात्र ल्यायो भन्ने विषयमा द्विविधा छैन । स्थिरता, शान्ति र समृद्धि, सुशासन कसरी स्थापित हुन्छ भन्ने मूल विषय हो र यो विषय संविधानबाट निरुपण हुनुपर्छ ।

संघीयता र धर्मनिरपेक्षता खारेज हुनैपर्छ । राजतन्त्रसहितको संविधान देशको अस्तित्वसँग गाँसिएको विषय बन्यो । संविधानले काम नगर्दा प्रत्येक दलभित्र गुट र फूट बढेको छ । देशभित्र अशान्ति र असन्तोष बढेको छ । मोही माग्ने, ढुङ्गो लुकाउनु पर्दैन । राजतन्त्रसहितको संविधान निर्माण गरेर चुनावमा जाँदा देशको अस्तित्वरक्षा हुनसक्छ । नेपालीका सार्वभौमिकता सुरक्षित हुनसक्छ ।

जनयुद्ध, जनआन्दोलनले राजनीतिक विवाद टुङ्गिएन । २०७२ सालको संविधानले पनि बिबाद बढायो मात्र । राष्ट्रिय सहमतिका लागि सबै राजनीतिक शक्तिहरुवीच संवाद, सहमति र सहकार्यको बिकल्प छैन । यसैमा जेनजी पुस्ताको आन्दोलन र बिद्रोहलाई संवोधन गर्न सकिन्छ । प्रजातन्त्र र राष्ट्रियताको संवर्द्धन पनि हुनेछ । अहंकार, निषेध र विभेदको अन्त र न्यायपूर्ण समाज र सुशासनका लागि, भ्रष्टाचारका न्यूनिकरण गर्न नयाँ संविधान अनिवार्य छ । यो हाँस न कुखुराको चालमा अल्झिनु भनेको राष्ट्रघात हो । बरु राजनीतिक सबै मुद्दाको हल गर्न सहमति हुनसक्दैन भने जनमत संग्रह गर्न सकिन्छ । के गर्ने, कसरी राष्ट्रिय एकता बचाउने र राजनीतिक विवादको हल गर्ने, यसबारे गोलमेच सम्मेलन गर्न सकिन्छ ।

# नेपालको कूटनीति रित्तिदैछ




जेनजी आन्दोलनपछि बनेको जेनजी नामको सुशीला कार्की सरकारले ११ राजूतलाई फिर्ता बोलायो । ती राजदूतहरु कोही राजीनामा दिएर घर फर्के, कोही परराष्ट्रमा हाजीर गरेर तलव खाइरहेका छन् । राजदूत फिर्ता गर्ने सरकारले बाँकी राजदूत किन फिर्ता बोलाएन, नयाँ राजदूत कहिले नियुक्ती गर्ने हो ? कुनै स्पष्टता छैन । तत्कालीन सरकारले गरेको राजनीतिक दाग लागेकाहरुको नियुक्ती बदर गरेको हो भने संवैधानिक निकायमा त्यस्ता नियुक्ती कति छन्, कति जो पार्टी र पार्टीका नेतानिकट छन्, तिनलाई हटाउने सकेन, हट्न अनुरोधसमेत गर्न सकेन ।

भन्नलाई जेनजीको सिफारिसको सरकार भन्ने, भ्रष्टाचारको अन्त र सुशासन दिने कुरा गर्ने, चुनाव गराउँछु भन्दै जेनजी पुस्ताका युवाहरुलाई पक्राउ गर्ने, यातना दिने, थुन्ने र मुद्दाको झमेलामा फसाउने काम गरिरहेको छ ।

स्मरणीय छ, कुनै दिन नेपालले के बोल्छ भनेर विश्वले कान ठाढो पारेर सुन्थ्यो । आज नेपालको कूटनीतिक क्षमता राजदूत पदसमेत राजनीतिक भागबण्डा, व्यभिचार, लेनदेन, किनबेच, नातावाद, कृपावादको चङ्गुलमा परेपछि जेजति कूटनीतिक सम्मानको संचिति थियो, त्यो सबै समाप्त हुनपुगेको छ । राजदूतको फिर्तीले त कूटनीति रित्तिएको छ ।

३७ वर्षमा ३४ सरकार बन्नु, सरकारैपिच्छे राजदूत नियुक्ती हुने, फिर्ता बोलाउने र आफ्नो तरिकाले नियुक्ति गर्ने प्रचलनले नेपालको कूटनीतिक क्षमतामा ह्रास आएको छ । त्यसै पनि नेपालले असंलग्नता र पञ्चशीललाई पराइको दबाब र प्रभावमा त्याग्ने नजीर बसालेर नेपालको कूटनीतिक कमजोर बन्दै गएको छ ।

सरकारले विभिन्न मुलुकमा राजदूत नियुक्त गर्न सिफारिस गरेका राजदूत कति सक्षम, कति काविल, कति कूटनीतिक दक्षता भएका, कति सिफारिस भएका मुलुकको बारेमा जानकारी राख्ने, कति नेपालको छवि उजिल्याउन र नेपालमा लगानी भित्र्याउन तथा नेपालसँग मैत्रीभाव-सम्बन्ध बढाउन सक्ने खालका होइनन् भन्ने विषय संसदीय सुनवाईका क्रममै प्रष्ट भए पनि राजनीतिक दबाब र प्रभावमा नियुक्त हुने चलन छ ।

फिर्ता बोलाइएका राजदूतहरूले अमेरिकी राष्ट्रपतिलाई नेपाल घुमाउन ल्याउनसक्ने, बेलायतका बृटिस गोर्खाका लामो समयदेखि मुद्दामा रहेको समस्या सुल्झाइदिने, खाडीमा सकेसम्म बढी कामदार लैजाने, फूटबल खेलाडीका देशमा सिफारिस भएका राजदुतले त फूटबलर रोनाल्डिनोलाई नै नेपाल ल्याउने, एकले इजरायलको युद्ध नै रोकिदिने क्षमता रहेको र अर्काले रूस र युक्रेनको युद्ध रोक्न सक्ने बताएका थिए । यस्ता हावादारी गफ गर्नेलाई राजदूत नियुक्ती गर्नु भनेको संसद कति प्रभावकारी रहेछ भन्ने बुझिएकै थियो । जेनजीले निर्माण गरेको सरकारले त अर्को तमासा देखाउन थालेको छ । देशको कूटनीति यसरी रित्तो राख्नु र नेपालका आवश्यकता र अपेक्षाको लविङ् गर्ने वातावरण तोड्नु असक्षमता हो ।

प्रधानमन्त्री व्यस्त छन्, उनले परराष्ट्र मन्त्री नियुक्त गर्न सकेको देखिदैन । त्यसै पनि यो सरकार अनेकन नेपोटिजमकै बिबादमा फस्न थालेका समाचार सार्वजनिक भएका छन् ।

जेनजी आन्दोलनपछि देशको राजनीतिक अवस्था तरल छ। यो बेलामा विध्वंश र प्रस्तावित चुनावका लागि समेत अन्तर्राष्ट्रिय सहयोग र समर्थन जुटाउनु पर्ने बेलामा कूटनीतिक शून्यता राष्ट्रिय अस्तित्वका लागि घातक हो। कर्मकाण्डी तरिकाले देश उँभो लाग्न सक्दैन । हिजो सत्तामा कांग्रेस, कम्युनिष्ट थिए र तिनले नियुक्त गरेका राजदूत, कन्सुलरहरु असक्षम थिए भने सक्षम र योग्यलाई जिम्मेवारी छिटो दिनुपर्ने विषयमा सरकार गम्भीर देखिदैन । - डा.विनिता

## सम्राट अशोक र हाम्रा नेताहरु

चक्रवर्ती सम्राट अशोकले कलिङ्गको महायुद्ध जिते । जितेपछि उनले लाखौंलाख मानिसको लाश देखेपछि उनको विवेकमा धक्का लाग्यो- मैले युद्ध जिते, के जिते खोई ? उनले आफूले आफैलाई धिक्कारे । त्यसपछि उनी लुम्बिनी आए र बुद्धको शरण परे । आत्मशान्तिको खोज गरे । अशोक स्तम्भ खडा गरेर बुद्धमार्गी बने ।

बुद्धका देशका नेताहरुले जनयुद्ध, जनआन्दोलन गरे । लोकतान्त्रिक गणतन्त्र स्थापना गरे । यिनले भ्रष्टाचार जिते, अन्याय र अत्याचार, हत्या, अपराध, कूशासन, भ्रष्टाचार जिते । ७६ जना जेनजी पुस्ताको हत्या गरे । तैपनि यिनलाई आत्मग्लानी भएको छैन ।

राजनीतिक नेताहरुमा संवेदना भन्ने बाँकी देखिदैन । गैंडाको छालाजस्तो चेत बोकेर यिनीहरु अझैपनि कूशासन, भ्रष्टाचार, अपराधको राजनीति गर्न कस्सिएर लागेको देखिन्छ । नेपाली नेताहरुमा अमानवीयताले भरिपूर्ण छन्, यिनमा एकदिन मरिन्छ, मरेर केही लानुछैन, उज्यालो इतिहास लेख्नुपर्छ भन्ने विवेक नै छैन । सम्राट अशोक बन्न नसक्नेहरु दयापात्र हुन् । - *डा.विनिता*

## बालअधिकारको रक्षा गरौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो,
- बालअधिकारको रक्षा गरौं,
- बालबालिकाको जन्मदर्ता अनिवार्य गरौं,
- शोषण, दुर्व्यवहार र बालश्रमबाट बालबालिकालाई बचाऔं,
- घर, विद्यालय र समाजमा सुरक्षित र प्रेमपूर्ण वातावरण बनाऔ,
- बालअधिकारप्रति संवेदनशील बनौं,
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं ।

बालअधिकार सुनिश्चित गरौं, उज्वल भविष्यको निर्माण गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड




